आशा र अवसर

# पर्यटन वर्ष र विकासका शर्तहरु



डिल्ली बसेल

नेपाल भ्रमण वर्ष २०२० को लक्ष्यमाथि सुरुमै ग्रहण लागेको छ। भ्रमण वर्षको सुरुवातसँगै चीनमा फैलिएको कोरोना भाईरसले पर्यटन वर्षको लक्ष्यलाई नकारात्मक प्रभाव पार्ने निश्चित छ। कोरोना भाईरस र चिनियाँ पर्यटकहरु घुमघाममा निस्कने समय एकै पटक परेको छ। जनवरी २५ तारिखबाट चीनमा नयाँ वर्ष सुरु भएको छ र यो अवसरमा चीनमा एक महिना लामो छुट्टी चलिरहेको छ।

स्थानीय भाषामा छुन चिए अर्थात वसन्त उत्सव भनिने यो पर्व चिनियाँहरुको सबैभन्दा महत्वपूर्ण र ठूलो पर्व हो। नेपालमा दसैंमा हुने आर्थिक गतिविधि भन्दा पनि ठूलो आर्थिक गतिविधि चीन हुने गर्दछ यस अवसरमा। लामो छुट्टी समेत पर्ने भएकाले चिनियाँहरु यस अवसरमा ठूलो संख्यामा विदेश घुम्न निस्कने गर्दछन्। तर यत्ति नै बेला वुहान शहरबाट फैलिएको कोरोना भाईरसका कारण चीन सरकारले थुप्रै प्रान्तका वासिन्दालाई विदेश भ्रमणमा प्रतिबन्ध लगाएको छ भने संसारभरी नै चिनियाँ पर्यटकप्रति सतर्कता अपनाइएको छ। नेपाल पनि यसबाट अछुतो हुने कुरा भएन। नेपालमा पनि पर्यटक संख्या बढाउनु छ भन्दैमा स्वास्थ्यसँग खेलवाड गर्न सकिने कुरा पनि हुँदैन। तर यसको प्रत्यक्ष प्रभाव पर्यटन वर्ष २०२० माथि पर्ने प्रष्ट छ।

भ्रमण वर्षमा नेपाल सरकारको आँखा चीनमै थियो। चीनबाट कम्तिमा साढे ३ लाख पर्यटक नेपाल ल्याउने लक्ष्य नेपालको रहेको छ। यद्यपी यो संख्या गत वर्षको भन्दा दोब्बर हो। केही महिना अघि चिनियाँ राष्ट्रपतिले नेपाल भ्रमण गरेकाले पनि चिनियाँ पर्यटक यस वर्ष बढ्ने सम्भावना थियो र अझै पनि छ। किनभने राष्ट्रपतिले भ्रमण गरेका देशहरुमा चिनियाँ पर्यटक उल्लेख्य संख्यामा पुग्ने गरेको पाइएको छ। तर कोरोना भाईरसका कारण उत्पन्न परिस्थितिले चिनियाँहरुको विदेश भ्रमणमा ठूलो झड्का लागेको छ। र त्यसको शिकार नेपाल पनि हुने पक्का छ।

अर्कोतर्फ सन् २०१९ को पर्यटक आगमनको तथ्यांकले पनि पर्यटन वर्ष २०२० मा २० लाख पर्यटक भित्र्याउने लक्ष्यलाई निकै चुनौतीपूर्ण नै देखाउँछ। गत डिसेम्बरको आखिरी घडीसम्म नेपालमा जम्मा ११ लाख ९७ हजार १९१ जना पर्यटक भित्रिएका रहेछन्। अध्यागमन विभागका अनुसार हवाई मार्ग हुँदै ९ लाख ९५ हजार ८८४ र सडक मार्ग हुदै २ लाख १ हजार ३०७ जना पर्यटक नेपाल आएका रहेछन्। अघिल्लो वर्ष अर्थात सन् २०१८ को पर्यटक संख्या भन्दा यो मात्रै २ प्रतिशतको वृद्धि अर्थात २४ हजार ११९ जना मात्रै बढी हो। यो तथ्यांक हेर्दा २० लाख पर्यटक पुर्‍याउनका लागि ७० प्रतिशत बढी पर्यटक देशमा तान्न सक्नु पर्दछ। जुन ज्यादै ज्यादै चुनौतीपूर्ण हो।



हुन त सरकारी अधिकारीहरु र केही पर्यटन ब्यवसायीहरुले गत वर्ष पर्यटकको संख्या बढ्न नसक्नुमा भारतमा उत्पन्न नकारात्मक परिस्थितिलाई दोष दिएका छन्। नेपालमा आउने पर्यटक र विशेष गरी अमेरिकी र युरोपेली पर्यटकहरु भारत हुँदै नेपाल आउने गर्दछन्। अर्थात उनीहरु भारतको टुर प्याकेजमा नेपाललाई पनि राखेर आउने गर्दछन्। तर सन् २०१९ का अन्तिम महिनाहरुमा भारतका केही शहरमा बढेको वायु प्रदुषण र नागरिकता संशोधन विधेयकका कारण भएको सडक पदर्शनका कारण सयौं प्याकेजहरु रद्द भएको र त्यसको असर नेपालमा पनि परेको तर्क पर्यटन व्यवसायीहरुको छ।

त्यसो त नोभेम्बर महिनामा नेपाल आउने पर्यटकको संख्या अक्टोबरको भन्दा १७ दशमलव ४६ प्रतिशतले घटेर हवाइ मार्गबाट मात्रै ९८ हजार ५४८ जना मात्रै आएको देखिन्छ। जुन अक्टोबरको तुलनामा २० हजार कम हो। २०५८ सालमा दरबार हत्याकाण्ड भएको वर्षको नोभेम्बर महिनामा यसै गरी पर्यटक संख्या घटेकोमा त्यसपछि गत नोभेम्बरमा मात्रै ह्वात्तै पर्यटक संख्या घटेको देखिन्छ।

भारतमा उत्पन्न नकारात्म अवस्थाले पर्यटक संख्या घट्यो भन्ने तर्कमा केही सत्यता होला तर अन्तिम दुई महिनामध्ये नेपालमा पर्यटकीय सिजन नोभेम्बर मात्रै हो। त्यही एक महिनामा अर्को पचास हजार पर्यटक थपिएको भए पनि वृद्धिदर ठूलो हुने थिएन र पर्यटन वर्षका लागि राखिएको लक्ष्य भेट्ने गतिमा खाशै सहजता आउने थिएन।

अर्कोतर्फ नेपालमा दिनमा ५ वटा उडान भर्दै आएको भारतीय वायुसेवा जेट एअरवेज बन्द हुनुको असर पनि नेपालको पर्यटन क्षेत्रमा परेको तर्क पनि पर्यटन मन्त्रालयका अधिकारीहरुले गरेका छन्। राष्ट्रिय ध्वजाबाहक नेपाल वायु सेवा निगमका विमानहरुले गन्तब्य नपाएर थन्किनु पर्ने तर जेट एअरवेजको उडान रद्द हुँदा असर पर्‍यो भन्ने तर्क नालायकीपन मात्रै हो भन्दा अतियुक्ति हुदैन।

सरकारी अधिकारी र पर्यटन ब्यावसायीहरुका अभिब्यक्तिले नेपाल आउने पश्चिमा पर्यटक भारतबाट पोखिएर (क्उर्षी यखभच) भएर नेपाल आइपुग्ने हुन भने प्रष्ट पार्दछ। यदि त्यसो हो भने नेपालले आफूलाई विश्वको प्रमुख पर्यटकीय गन्तब्य भनेर दाबी गर्नु बेकार छ। नेपालसँग प्रकृति र संस्कृति छ भनेर डंका पिट्नुको के अर्थ ? हामी पर्यटनमा पनि भारतमै निर्भर रहनु पर्ने हो भने यो भन्दा दुर्भाग्य अरु हुदैन। नेपालले भारतसँग प्रतिष्पर्धा नगरी व्यापार गर्नसक्ने क्षेत्र भनेकै पर्यटन क्षेत्र हो। हामीले आफूलाई प्रमुख गन्तब्य बनाएर यहाँ आउने पर्यटक भारततिर जाने अवस्था जबसम्म विकास गर्न सक्दैनौं तबसम्म हाम्रो पर्यटन क्षेत्रले छलाङ मार्न सक्ने छैन।

अर्कोतर्फ सन् २०१९ को पर्यटक आगमनको तथ्यांक हेर्ने हो भने हामीले नेपाल ल्याउने पर्यटक पहिचान गर्नै सकेका छैनौं भन्ने देखिन्छ। हामीले पर्यटक भन्ने वित्तिकै अमेरिकन, युरोपेली, जापानी, कोरियन र पछिल्लो समय चिनियाँ भन्ने मात्रै बुझेका छौं र अधिकांश पर्यटन प्रवर्द्धनका कार्यक्रम तिनीहरुप्रति नै लक्षित छन्। तर नेपाल आउने पर्यटकको संख्यामा सबैभन्दा माथि दक्षिणको छिमेकी भारत नै रहेको देखिन्छ। गत वर्ष भारतबाट मात्रै २ लाख ५४ हजार बढी पर्यटन नेपाल आएको देखिन्छ जुन संख्या अघिल्लो वर्षको भन्दा ३० प्रतिशतले बढी हो। भारतपछि चीनबाट १ लाख ६९ हजार, अमेरिकाबाट ९३ हजार, बेलायतबाट ६१ हजार, श्रीलंकाबाट ५६ हजार, थाइल्याण्डबाट ४१ हजार, अष्ट्रेलियाबाट ३९ हजार, जर्मनीबाट ३६ हजार, म्यानमारबाट ३६ हजार र फ्रान्सबाट ३० हजार पर्यटक नेपाल आएको तथ्यांक रहेको छ अध्यागमन विभागसँग। जापान र कोरिया त टप टेनमा पनि पर्न सकेका छैनन्। जबकी केही वर्ष अघिसम्म जापानीहरु ठूलो संख्यामा नेपाल आउने गर्दथे।

यस्ता तथ्यांकहरुको विश्लेषण गरेर जहाँबाट बढी पर्यटक आइरहेका छन् त्यहाँबाट अझै बढी पर्यटक तान्ने प्रयास विल्कुलै भएको पाइँदैन। नेपाल आउने भारतीय पर्यटकहरु अधिकांश तीर्थयात्रीहरु हुन भन्ने पनि बुझेको पाइँदैन। हिन्दू तीर्थस्थलहरुको प्रवर्द्धन र प्रचार प्रसार गर्दा धर्म निरपेक्षताविरुद्ध हुन्छ भन्ने मनोदशाबाट सत्ताधारीहरु ग्रसित छन्। नेपालमा रहेका हिन्दु धर्मका प्रमुख गन्तब्यहरुको राम्रोसँग प्रवर्द्धन गर्ने हो भने लक्ष्यको आधा पर्यटक भारतबाट मात्रै तान्न सक्ने निश्चित छ। तर नीति निर्माताहरुको घैंटोमा घाम कहिले लाग्ने ?

अर्कोतर्फ हामीसँग प्रकृति र संस्कृति छ मात्रै भनेर कोही पनि विदेशी नेपाल घुम्न आइदिँदैन भन्ने कुरा छिटो बुझ्नु जरुरी छ। पहिलो कुरा त हामीसँग भएका प्रकृति र संस्कृतिलाई चुस्त दुरुस्त राख्न सक्नु पर्‍यो। भूकम्पले भत्काएका सम्पदाको पुनर्निर्माण चार वर्ष वितिसक्दा पनि पूरा गर्न सकेका छैनौं र सम्पदा पुनर्निर्माण विदेशीलाई संलग्न गराइरहेका छौं। यो लाजमर्दो अवस्थाले हामीलाई छुँदैन।

अर्कोतर्फ हाम्रा पर्यटकीय गन्तब्यसम्मको पहुँच सहज र सुविधायुक्त हुनुपर्‍यो। कोही पनि पर्यटक हल्केलामा ज्यान राखेर नेपालका पर्यटकीय गन्तब्य घुमिदिँदैन, विदेशी त परै छाडौं नेपालीहरु नै पनि घुम्दैनन्। काठमाडौंबाट पोखरा २ सय किलोमिटरको बाटो तय गर्न दिनभर लाग्छ भने अन्यत्रको अवस्था के होला ? हामी आफैंले सोच्ने विषय हो। तसर्थ आवत जावतका लागि बाटोघाटो तुरुस्त हुनु अनिवार्य शर्त हो। नेपालको हवाई क्षेत्रको अवस्था पनि उस्तै छ। युरोपेली युनियनले कालो सूचीमा किन राख्यो भन्ने विषयलाई हामीले अझैसम्म सम्बोधन गर्न सकेका छैनौं। कुनै समय विदेशीहरुको रोजाइमा पर्ने नेपाल वायु सेवा अहिले विघटनको संघारमा छ, तै पनि सुधार गर्ने भन्दा लुट्ने धन्दा नै चलिरहेको छ। त्यस्तै पर्यटकीय गन्तब्यमा सुलभ दरका सुविधाहरु उपलब्ध हुनु जरुरी छ। पर्यटक भनेका मुर्गा हुन यिनीहरुलाई जसरी लुटे पनि हुन्छ भन्ने मानसिकता पर्यटन क्षेत्रमा लाग्नेहरुमा रहुन्जेल पर्यटनले छलाङ मार्दैन। एक जोडीले एक साता पोखरा घुम्ने खर्चले जहाज चढेर बैंकक पनि घुमेर आउन सकिन्छ भने पर्यटकले बैंकक नै रोज्ने निश्चित छ। हामीलाई समस्या नै नलाग्ने अथवा साना समस्या लाग्ने विषय नै विदेशीका लागि ठूला लाग्ने गर्दछन्। तसर्थ नीति निर्माताहरुले तत्काल यस्ता विषयमा ध्यान दिनु जरुरी छ। ●








# महिला र वैदेशिक रोजगारी



मन्जु गुरुङ

वैदेशिक रोजगारलाई सुरक्षित बनाउने उपायहरुका बारे पुर्ण जानकारी नभए पनि वैदेशिक रोजगार एक विकल्प हो भन्नेमा आम नागरिकमा जानकारी पुगेको छ । यस प्रकारको अधुरो सूचनाले पनि महिलाको वैदेशिक रोजगारलाई अभिप्रेरित गरेको हुन सक्छ । "

*विदेशमा काम गर्न गाह्रो छ ।*
*महिलाहरु बेचबिखनमा पर्छन् ।*
*बाकसमा बन्द भए फर्कनु पर्छ ।*
*विदेशमा श्रम सोषण पनि छ ।*



वैदेशिक रोजगारको चर्चा चल्दा यी र यस्तै प्रसंग निस्कने गर्दछ। समग्रतामा वैदेशिक रोजगार सोचेजस्तो सजिलो छैन भन्ने नै निश्कर्ष निस्कन्छ। तर पनि सरकारी प्रतिबन्धका बाबजुद महिलाहरु वैदेशिक रोजगारमा गई रहेका छन् । भन्न त हामी त्रिभूवन अन्तराष्टिय विमानस्थलको बाटो भएर मात्र वैदेशिक रोजगारमा जानु पर्छ भनिरहेका छौ । तर महिलाहरु यसबाटोबाट जान नपाए पछि भारतको बाटो भएर विदेश गईरहेका छन् । के नेपाली महिला हरुले वैदेशिक रोजगार सम्बन्धी सरकारी र गैह्रसरकारी आह्वान नमानेका हुन त ? अथवा यिनीहरु वैदेशिक रोजगारमा जानु नै पर्ने के कारण हो ? यसबारे भने नेपाली समाजमा त्यति साह्रो गंभीर ढंगले बहस हुन सकेको छैन ।

वैदेशिक रोजगारका विज्ञ, बिशेषज्ञहरुले महिला कामदारहरुले वैदेशिक रोजगार चयन गर्नुको मुख्य कारणमा गरिबी र स्वदेशमा भरपर्दो रोजगारीको अभावलाई चित्रण गर्ने गरेका छन् । वैदेशिक रोजगार रोज्नुको मूख्य कारण गरिबीको मुक्ति पक्कै हो । संगै यसको विकल्पमा स्वदेशमा भरपर्दो रोजगारको उपलब्धता नहुनु पनि हो । तर यो केवल मुख्य कारण हो कारकतत्व होइन । किन भने गरिबीको चपेटामा परेका सबैले वैदेशिक रोजगारको विकल्प खोजेको पाइदैन । यसैले अनुसन्धानकर्ता डा चन्द्रा भद्राले भन्नु भए झै नेपाली महिलालाई विदेशतिर धकेल्ने एक मुख्य कारकतत्व घरेलु हिंसा नै हो ।

आप्रवासन विज्ञान र प्रविधिको विकाससंगै मौलाएको बहुपक्षीय सूचना प्रणालीको विकास र विश्वव्यापीकरणको प्रभाव हो । यही पृष्ठभूमिमा वैदेशिक रोजगार सतहमा आएको हो। स्थानीय तहमा बैदेशिक रोजगार सम्बन्धी थेरथोर सबैले सुनेका हुन्छन् । वैदेशिक रोजगारलाई सुरक्षित बनाउने उपायहरुका बारे पुर्ण जानकारी नभए पनि वैदेशिक रोजगार एक विकल्प हो भन्नेमा आम नागरिकमा जानकारी पुगेको छ। यस प्रकारको अधुरो सूचनाले पनि महिलाको वैदेशिक रोजगारलाई अभिप्रेरित गरेको हुन सक्छ. ।

पौरखी नेपालले वैदेशिक रोजगारबाट फर्किएका सुनसरी, मकावानपुर, नवलपरासी, बाँके र कैलालीका ५७ जना महिला कामदारहरुसंग प्रत्यक्ष अन्तर्वार्ता तथा मामला अध्ययन गर्दा वैदेशिक रोजगारमा जानुको मुख्य कारण घरपरिवारको असहयोग, बहुबिबाह, एकल महिला हुनुको पीडा र स्वदेशमा रोजगारीको अभावलाई औल्याएका थिए। जुन बुँदाहरु यस प्रकार छन् ।

**(क) बाल बिबाह :** वैदेशिक रोजगारमा गएर फर्केका ५७ जना महिलाको मामला अध्ययन गर्दा अधिकाँश महिला हरु बालबिाहका कारण समस्यामा परेको बताएका थिए । ती मध्ये एकजना अबिाहित थिए भने ५६ जना बिवाहित थिए । बिाबिहत मध्ये २२ जनाको बिबाह १६ बर्ष भन्दा कम उमेरमा भएको थियो । १७ जनाको २० बर्ष भन्दा कम उमेरमा बिबाह भएको थियो । पौरखी नेपालले मामला अध्ययन गरेको ५७ मध्ये १७ जनाको मात्र २१ बर्ष माथिको उमेरमा बिबाह भएको थियो । यसरी मामला अध्ययनका लागि छनौटमा परेका अधिकाँशको वैदेशिक रोजगार सुखद थिएन ।

**तालिका १. वैदेशिक रोजगारबाट फर्किएका महिलाको बिबाह हुँदाको उमेर**

| क्रसं | उमेरसमूह | संख्या | प्रतिशत |
|---|---|---|---|
| क | १६ बर्ष भन्दा कम उमेरमा | २२ | ३९.२८ |
| ख. | २० बर्ष भन्दा कम उमेरमा | १७ | ३०.३५ |
| ग | २१ बर्ष वा सो भन्दा माथि | १७ | ३०.३५ |
| | जम्मा | ५६ | १०० |

**ख. एकल महिला :** महिला लाई वाध्यताको वैदेशिक रोजगार तर्फ धर्केल्ने अर्को कारण एकल महिला को अवस्था देखिन्छ । मामला अध्यनका क्रममा ५६ जना बिबाह भईसकेका महिला मध्ये १० जना एकल महिला थिए । मामला अध्ययनमा परेका १० जनाले नै वैदेशिक रोजगारको बाटो रोज्नुको मूख्य कारण एकल महिला हुनुको पीडा राखेका थिए ।

वैदेशिक रोजगारमा फर्किएका बिाहित महिला मध्ये ३४ जनाले परम्परा अनुसार मागी बिाहा भएको थियो भने २२ जनाले प्रेम बिबाह गरेर भागी बिाह गरेका थिए । तथ्याँक अनुसार ६० प्रतिशत महिलाको बिबाह परिवारले गरेको र त्यो बिबाह बाल बिबाह भएको पुष्टि हुन्छ ।

**ग. आदिवासी जनजाति र दलितको संख्या धेरै :**

बाध्यताको बैदेशिक रोजगारमा परेर फर्किका महिलाको सबै भन्दा ठूलो संख्या आदिवासी जनजाति रिहेको छ । ५७ जनाको व्यक्तिगत मामला अध्ययनका क्रममा २१ जना अर्थात ३६.८ प्रतिशत आदिवासी जनजाति थिए । यस तथ्याँकमा थप थारु महिलाको संख्या जोड्दा २४ जना आदिवासी महिला हुन्छन्। कूल मामला अध्ययन गरिएका महिलाको प्रतिशतमा लैजाँदा लगभग ४२ प्रतिशत महिला आदिवासी समूदायको हुन्छ । आदिवासी पछि दोस्रो दलित समूदायको भृटिठएको छ । दलितहरुमा पनि मधेशी र पहाडी दुबै मूलका थिए । मामला अध्ययनका क्रममा भेटिएका महिलाको अर्को समूह खस आर्य समुदायको थियो ।

**घ. महिला माथिको आर्थिक जिम्मेवारी :** वैदेशिक रोजगारमा समस्यामा परेर फर्किएका महिलाबीचको समूहगत छलफल र मामला अध्ययनले वाध्यताको बैदेशिक रोज्नुको मूल कारण घर परिवारको आर्थिक जिम्मेवारी थियो भन्ने देखाउँछ। बाल बिवाह, बाल बिबाह पछिको बाल बच्चाको लालन पोषण र आर्थिक दयित्व महिला माथि भए पछि वैदेशिक रोजगारको बाटो रोज्नु उनीहरुको बाध्यता थियो । मामला अध्यनका ५७ जना मध्ये ३१ जनाले बैदेशिक रोजगार जान अघि र पछि पनि आर्थिक जिम्मेवारी आफनो रहेको बताएका छन् । तर २४ जनाले भने पारिवारिक आर्थिक जिम्मेवारी साझा रहेको बताएका छन् ।

**निश्कर्षमा**

महिलाको वैदेशिक रोजगारको चयन वाध्यात्मक हो । पौरखी नेपालको अध्ययनको निश्कर्षमा के भन्न सकिन्छ भने महिलाले बैदेशिक रोज्नुको मूल कारण उनीहरु बालबिाहको चपेटामा परेक थिए । उनीहरु त्यही कारणले एकल महेला पनि हुन पर्‍यो र, आर्थिक जिम्मेवारी पनि उनीहरुकै थाप्लोमा आई परेको हो । हामीले बाध्यताको बैदेशिक रोजगार सून्यमा झार्ने कुरा गरिरहँदा सबैभन्दा पहिले बालबिबाहको चरणबाट नै समाजमा जागर र चेतनाको माहौल किन नल्याउने ?

वैदेशिक रोजगार यही समाजको उपज हो । वैदेशिक रोजगारलाई सुरक्षित र व्यबस्थित बनाउने अभियानलाई सार्थक रुपमा अगाडि बढाउने हो भने यसका जरा समस्यालाई केलाएर समाधानका उपायपो खोज्ने हो कि ? ●


विगत १७ वर्षदेखि राजधानीबाट प्रकाशित हुँदै आएको मध्यान्ह राष्ट्रिय दैनिक १८औं वर्षमा प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना ज्ञापन गर्दछौं ।
मध्यान्ह राष्ट्रिय दैनिक १८औं वर्षमा प्रवेश
प्रेम बहादुर कटुवाल
अध्यक्ष
तथा
लोकदर्शन बचत तथा ऋण सहकारी संस्था लि.
परिवार
नयाँ बानेश्वर, काठमाडौं, फोन नं. ४४८४३६०

विगत १७ वर्षदेखि राजधानीबाट प्रकाशित हुँदै आएको मध्यान्ह राष्ट्रिय दैनिक १८औं वर्षमा प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना ज्ञापन गर्दछौं ।
कमलदेव मल्ल
द्वितीय अपाध्यक्ष
नेपाल वैदेशिक रोजगार व्यवसायी संघ
एवं
म्यानपावर लिंक प्रा. लि.
परिवार
सुकेधारा, काठमाडौं, फोन : ०१-४००८६४८, ४००८६४९

हार्दिक बधाई
विगत १७ वर्षदेखि राजधानीबाट प्रकाशित हुँदै आएको मध्यान्ह राष्ट्रिय दैनिक १८औं वर्षमा प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना ज्ञापन गर्दछौं ।
KII
काठमाडौं इन्टरनेशनल इन्कर्पोरेट प्रा.लि.
परिवार
गोंगबु-५, टोखा रोड, सामाखुसी, काठमाडौं
फोन: ४३६१११७

बधाई तथा शुभकामना
नेपाली राजनीति, अर्थ, खेलकुद, मनोरञ्जन तथा विशेष गरी वैदेशिक रोजगार र यस सँग सरोकार राख्ने विषयमा प्राथमिकताका साथ समाचार सम्प्रेषण गर्दै आइरहेको मध्यान्ह राष्ट्रिय दैनिक १७ वर्ष पुरा गरी १८औं वर्षमा प्रवेश गरेको अवसरमा यस राष्ट्रिय दैनिकलाई हार्दिक बधाई तथा उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौं।
किरण किशोर घिमिरे
प्रबन्ध निर्देशक
तथा
कञ्चन ह्युमन रिसोर्स म्यानेजमेन्ट प्रा. लि.
परिवार
कञ्चन हाउस, एयरपोर्ट गेट, काठमाडौं, फोन: ४४६४७०८

हार्दिक बधाई !
विगत १७ वर्षदेखि राजधानीबाट प्रकाशित हुँदै आएको मध्यान्ह राष्ट्रिय दैनिक १८औं वर्षमा प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना ज्ञापन गर्दछौं ।
नारायण पराजुली
प्रबन्ध निर्देशक
तथा
प्रुडेन्सियल ओभरसिज प्रा. लि.
परिवार
तिनकुने, काठमाडौं, फोन: ५१०४३२५
दुर्गा बहादुर थापा
अध्यक्ष
तथा
सत्यम इण्टरनेशनल सर्भिस प्रा. लि.
परिवार
सुविधानगर, काठमाडौं, फोन: ४४८१२६४

हार्दिक बधाई
मध्यान्ह राष्ट्रिय दैनिक १७ वर्ष पुरा गरी १८औं वर्षमा प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना ज्ञापन गर्दछौं।
अच्युत प्रसाद खरेल
प्रोपाइटर
तथा
समानान्तर निर्माण सेवा प्रा.लि.
परिवार
पुरानो बानेश्वर, काठमाडौं

१७ औं वार्षिक विशेषांक



आशा र अवसर

# श्रमले नबुझेको परराष्ट्र



रेशमराज पौडेल

जनवरी ६ अर्थात् गत पुस २१पपरराष्ट्रमन्त्री प्रदीप ज्ञवालीसँग छलफल गर्न नवनियुक्त श्रम,रोजगार तथा सामाजिक सुरक्षा मन्त्री रामेश्वर राय यादव हतार हतार गर्दै मन्त्रालयका सचिव विनोद के.सी र उच्च अधिकारी सहित परराष्ट मन्त्रालय पुगे ।

त्यसको एक दिन अघि अमेरिकाले इरानी कूड्स फोर्सका प्रमुख कासिम सुलेमानीइराकको राजधानीस्थित विमानस्थलबाहिरआक्रमण गर्दा मृत्यु भएको थियो । बदलालिने ईरानी चेतावनीले लामो समय देखिका चीर प्रतिद्वन्दी अमेरिका र ईरान वीच युद्ध भई मध्यपूर्वमातनावको अवस्था सिर्जना हुने आँकलन थियो । तनाव चर्किंदै गए त्यसको प्रत्यक्ष र गंभीर असर त्यसक्षेत्रमा कार्यरत १५ लाखभन्दाबढीनेपाली कामदार र उनीहरुले पठाउने रेमिट्यान्समा निर्भर नेपाली अर्थतन्त्रमा पर्ने निश्चित थियो । तर तनाव धेरै दिन रहेन ।

पुस महिनाका अन्तिम दिन र माघ महिनाका शुरुवाती केही दिन वैदेशिक रोजगार विभागका महानिर्देशक डा. भिष्म कुमार भुसाल बुद्ध नगरस्थित विभाग बसेर काम नगरी परराष्ट मन्त्रालाय र श्रम तथा रोजगार मन्त्रालय निरन्तर ओहोर दोहेर गरे ।

श्रम रोजगार मन्त्रालय र वैदेशिक रोजगार विभागले वैदेशिक रोजगारलाई व्यवस्थित मर्यादित र विचौलिया मुक्त पार्न भन्दै वैदेशिक रोजगार सूचना प्रणाली कार्यान्वयनमा ल्याएका छन् । उक्त प्रणालीमा विदेशस्थित नेपाली नियोगहरुले प्रमाणिकरण गरेका माग पत्र प्रणालीमा रहेको एटेष्टेशन मोड्युल प्रयोग गरी पठाउनु पर्छ । विभागले ह्याण्डिल गर्ने उक्त प्रणालीमा मुख्य गरी वैदेशिक रोजगारीमा जाने कामदार, बिमा कम्पनीहरु, राहदानी विभाग, अध्यागमन विभाग, वैदेशिक रोजगार बोर्ड , विदेशस्थित नेपाली कुटनीतिक नियोग, बैंक, कन्सुलर सेवा विभाग, वैदेशिक रोजगार व्यवसायी, तालिम प्रदायक संस्था, मेडिकल तथा श्रम रोजगार कार्यालय गरी एक दर्जन बढी संस्थालाई आबद्ध छन् । प्रणाली औपचारिक रुपमा लागु भएको दिन अंग्रेजी नयाँ वर्ष सन् २०२० को जनवरी १ तारेख (पुस १६ गते ) विभागका महानिर्देशक डा. भुसाल परराष्ट मन्त्रालय अन्तरगत रहेका कुटनितिक नियोगहरुबाट सोचे अनुसार सहयोग पाउनेमा विश्वस्त थिएनन् । त्यस अघि नै विदेशस्थित नेपाली नियोगहरुले तालिम प्राप्त गरेका र प्रयाप्त जनशक्ति नभएको भन्दै प्रणालीमा रहेको एटेष्टेशन मोड्युलमा मागपत्र पठाउन चाहिने युजर नेम र पासवर्ड लिएका थिएनन् । विभागका महानिर्देशक डा. भुसाल दुतावास र विमा कम्पनीबाट प्रयाप्त सहयोग नहुने हो कि भन्ने आशंकामा थिए । विमा कम्पनी जोडिपनि खाडीस्थित अधिकाश मुलकस्थित नेपाली दुतावासबाट प्रमाणिकरण गरिएको मागपत्र प्रणालीमा अपलोड भएन । सूचना प्रणालीका माध्यबाट सुधार खोजी रहेका विभागका महानिर्देशक डा. भुसाल माघ २ गते दिनभर परराष्ट मन्त्रालयमा बसेर प्रणाली प्रयोगका वारेमा सकेजति ध्यानकर्षण गरे । तर उनले सोचे अनुसार सहयोग पाएनन् ।

माथिका यी दुई घटनाले नेपालको वेदेशिक रोजगार क्षेत्रको सफलताका लागि श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र परराष्ट मन्त्रालय वीच वलियो सहकार्यको आवश्यकतामा जोड दिन्छ । तर परराष्ट मन्त्रालयको असहयोगका वारेमा खुलेर बोल्न नचाहने श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका कर्मचारीहरु परराष्ट मन्त्रालयका कर्मचारीमाश्रम मन्त्रालय प्रति सहयोगी भावनाको अभाव रहेको बताउँछन् ।श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र विभागले विद्युतीय शासन लागू गरी वैदेशिक रोजगार क्षेत्रको प्रशासनलाई चुस्त, व्यवस्थित, मर्यादित तथा विचौलियामुक्त पार्ने प्रयासको थालनी गरेका हुन । यो प्रयासको थालनी भएको ४ वर्ष भइसकेको छ । तर त्यसले अझै सोचे अनुसार पूर्णता पाउन सकिरहेको छैन । वैदेशिक रोजगारमा जाने कामदारको श्रम स्वीकृती अनलाईन प्रणालीबाट दिने व्यवस्था पूर्ण रुपमा कार्यान्वयनमा आएको एकिन गरिएपछि तत्कालीन श्रम तथा रोजगार मन्त्री सुर्यमान गुरुङ्गले २०७३ साल पुस ३ गते विश्व आप्रवास दिवसको अवसरमाश्रम ग्राम ताहाचलपुगी बैदेशिक रोजगारीमा जाने २ जना कामदारलाई माउस क्लिकगरी अनलाइन प्रणाली मार्फत निकालिएको श्रम स्वीकृतिको स्टिकर प्रदान गरेका थिए । सो दिन देखि संस्थागत रुपमा बैदेशिक रोजगारीमा जाने कामदारको पूर्व स्वीकृती दिने अनलाईन प्रकृया प्रारम्भ भएको मानिन्छ । स्वीस सरकारको आर्थिक सहयोगमा निर्मित अनलाईन प्रणाली उद्घाटनका अवसरमा तत्कालीन श्रम तथा रोजगार मन्त्री गुरुङ्गले भनेका थिए ,धेरै अगाडी देखिको प्रयासको प्रतिफल स्वरुप मेरो कार्याकालमा अनलाईन प्रणाली कार्यान्वयनमा आएकोले ठूलो सन्तोष मिलेको छ । तर त्यसको ४ वर्षपछि पनि प्रणालीले पूर्ण रुपमा काम गर्न सकेको छैन । विदेशस्थित रोजगारदाताबाट ल्याएको मागपत्र प्रणालीको एटेस्टेशन मोड्युलमा अपलोड गर्न शुन्य लागतमा कामदार पठाउने भनिएका वैदेशिक रोजगार व्यवसायीहरुले डिजिटल प्रमाणिकरण डिभाईस खरीद गरी चलाउनु परेको छ ।









नेपालको वैदेशिक रोजगार श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको मात्र जिम्मेवारी जस्तो देखिएपनि व्यवहारमा परराष्ट मन्त्रालयको सहयोग नपाएमा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय एक्लैले धेरै गर्न सक्ने अवस्था छैन । नेपाली कामदारहरू विश्वका १ सय ३६ देशमा पुगेका छन् । नेपाली कामदारहरू१ सय ३६ देशमा पुगेका भए पनि खाडीका ६ र मलेसिया नै प्रमुख गन्तव्य बनीरहेका छन् । श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले क्यानडा, यूरोपको रोमानिया, मरिसस् जस्ता देश नेपाली कामदारहरुका लागिनयाँ गन्तव्य हुन सक्ने बताएको छ ।तर परराष्ट मन्त्रालयको सहयोग विना ती गन्तव्य खोलिन नसक्ने धेरैको भनाई छ ।

विगत ३० वर्ष यता वैदेशिक रोजगार नेपाली अर्थतन्त्रको एक अभिन्न अंगका रुपमा विकास भएको छ । पञ्च वर्षे आवधिक विकास योजनाहरूमा वैदेशिक रोजगारलाई सातौं योजना (सन् १९८५-१९९०) मा पहिलो पटक स्थान दिइएको थियो । वैदेशिक रोजगारले राष्ट्रिय विकास योजनाहरूमा पहिचान पाएदेखि विगत तीन दशकको अवधिमा अन्तर्राष्ट्रिय श्रम आप्रवासनले सकारात्मक र नकारात्मक दुवैखाले असरहरू निम्त्याएको छ । कामदार पठाउने मुलुकमा अन्तर्राष्ट्रिय आप्रवासनको प्रभावको लेखाजोखा गर्ने कामको थालनी गार्हस्थ आय, वितरण, गरिबीको तह, खपत, लगानीको तह र वृद्धिमा अन्तर्राष्ट्रिय विप्रेषणको खुद प्रवाहको लेखा जोखा भईरेको छ । त्यस बिन्दुबाट हेर्दा मानव विकासका अन्य महत्वपूर्ण पक्ष मानिने आवास, शिक्षा दिक्षा र पोषणको तहमा वैदेशिक रोजगार क्षेत्रले पुराएको योगदान महत्वपूर्ण रहेको छ ।

श्रम सहचारीहरुको गुनासो

वैदेशिक रोजगार ऐन २०६४ले विदेशमा रहेका नेपाली कामदारहरुको भलाईका लागि श्रम सहचारीको नियुक्त गर्ने व्यवस्था रहेको छ । ऐनको दफा६८मा नेपाल सरकारले वैदेशिक रोजगारमा पाँच हजार वा सोभन्दा बढी कामदार पठाइएका मुलुकमा कम्तीमा राजपत्राङ्कित अधिकृतलाई श्रम सहचारी नियुक्त गर्नेछ भन्ने व्यवस्था गरेको छ । । हाल बहराइन, कुवेत, मलेसिया, ओमान, कतार, गणतन्त्र कोरिया, साउदी अरब र संयुक्त अरव इमिरेट्समा गरी आठ देशमाश्रम सहचारी नियुक्त छन् । परराष्ट मन्त्रालय अन्तरगत नेपाली नियोगहरुमा कार्यक्षेत्र रहेका उनीहरुको काम काम, कर्तव्य र अधिकार ऐनले नै तोकेको छ । उनीहरुलाई नेपाली कामदारहरू कार्यरत स्थानहरूमा उनीहरुको अवस्था, रोगजारी, अध्यागमन तथा सम्बन्धित मुलुकले आप्रवासी कामदारहरूको अधिकारहरूको संरक्षणका लागि चालेका कदमहरूका बारेमा सरकारलाई जानकारी उपलब्ध गराउने; कामदारहरू विदेश पठाउने कार्यमा संलग्न म्यानपावर व्यवसायीहरूबिच कुनै विवाद भए त्यसको निरुपणका लागि सहयोग गर्ने; वैदेशिक रोजगारको अवधिमा सहयोग नपाएर अफ्ठ्यारोमा परेका कुनै पनि नेपाली कामदारको उद्धारका लागि आवश्यक प्रबन्ध मिलाउने; नेपाली कामदारहरूको सीपसँग मेलखाने खालका रोजगारसम्बन्धी सूचना उपलब्ध गराउने; विदेशमा मृत्यु भएका नेपाली कामदारको शव नेपाल ल्याउनका लागि प्रबन्ध मिलाउने; नेपालबाट कामदारहरू आपूर्ति गर्नका लागि सरकारी तहमा द्वीपक्षीय सम्झौता गर्ने; कामदारहरूको हितमा उनीहरूको सूचनाको संरक्षण गर्ने र करारमा उल्लेख भएका बाहेक अन्य कुनै पनि काम गर्न निरुत्साहित गर्ने; कामदार हरूलाई असर पार्न सक्ने कुनै पनि क्रियाकलापको सुपरीवेक्षण गर्ने; र सरकारबाट समय समयमा निर्देशन जारी भएअनुसारका कामहरू सम्पन्न गर्ने जिम्मेवारी तोकिएको छ । यो जिम्मेवारी पुरा गर्न परराष्ट मन्त्रालय अन्तरगत रहेका नियोगहरुको सहयोग र सहकार्य मैत्रीपूर्ण नभएको उनीहरुको निरन्तरको गुनासो रहेको छ । विदेशस्थित विभिन्न नियोगहरुमा काउन्सेलर श्रम र श्रम सहचारीको पदमा कार्यगरी फर्किएका श्रम सहचारीहरु नेपाली दुतावासहरुबाट आफुहरुलाई आवश्यक सहयोग नहुने र कतिपय दुतावासका कर्मचारीले श्रम सहचारीहरुलाई एकै संगठनको नभई अस्थायी वा करारका कर्मचारीहरुको जस्तो व्यवहार गर्ने गरेको गुनासो गर्दछन् । प्रकृया पुराएर छनौट भई गएका श्रम सहचारीहरुलाई परराष्ट मन्त्रालयकाकतिपय कर्मचारीले अंग्रेजी भाषामा दक्ष नभएको भन्दै फरक व्यवहार गर्ने गरेको गुनासो लामो समय देखि रहेको छ ।

## कामदारको मृत्यु,शबर क्षतिपूर्ति

वैदेशिक रोजगारीका क्रममा कामदारको मृत्यु भएपछि सकेसम्म छिटो मृत्यु संस्कार पुरागर्नु नेपाली परम्परा रहेको छ । त्यसले सकेसम्म छिटो छरितो माध्यमबाट शवलाई मृतकका परिवारसम्म पुराउने, मृत्युको न्यायिक कराण खोजी क्षतिपुर्ति पारदर्शी र छिटो पुऱ्याइदिने, मृतकको बारेमा खोज खबर गरी दिने, मृत्युको कारण तथा अवस्था हेरी शवलाई नेपाल पुर्याउनु अघि निश्चित प्रकृयाहरू पुरा गर्नुपर्ने हुन्छ । परिवारले नेपालको जिल्ला प्रशासन मार्फत या सिधै परराष्ट्र मन्त्रालाय मार्फत शब तथा क्षतिपुर्तिका पाउने कानूनी व्यवस्था छ । परराष्ट्र मन्त्रालयले राजदुतावासलाई निर्देशन दिने र राजदुतावासले रोजगारदाता कम्पनी, मृतकका परिवारजन तथा अन्य सम्बन्धित निकायसंग समन्वय गरी आवश्यक कागजपत्र तथा कानुनी प्रकृया पुरा गरी गराई शब नेपाल पठाउने स्वीकृति प्रदान गर्ने अहिलको प्रणाली छ । धेरैजसो कामहरूरोजगारदाता कम्पनीले नै गर्नु गराउनु पर्ने हुँदा कम्पनीको तदारूकतामा नै शव पठाउन लाग्ने समय लामो हुने गर्दछ । मृत्यु प्रमाणपत्र, लासको पोष्टमार्टम, दुर्घटनामा मृत्यु भएको भए सो को जाँचबूझ, बिमाबाट मिल्ने क्षतिपुर्ति, कम्पनीले मृतकलाई दिनुपर्ने बाँकी तलब, बोनस, क्षतिपुर्ति आदि सबै कम्पनीको सहयोगमा हुनुपर्दछ । नेपाली दुतावासले यसमा छिटो गर्नका लागिसोधपुछ तथा ध्यानाकर्षण गर्दा मात्र पिडित परिवारले न्याय पाउने अवस्था बन्दछ ।

मृतकको क्षतिपुर्ति रकम दावी गर्ने, दिने र लिने काम (प्रकृया) मा दुतावास र रोजगारदाता कम्पनी बाहेक अरूको बिरलै पहूँच हुन्छ । बिमाको केही रकम बाहेक मृतकको परिवारले पाउने क्षतिपुर्तिको अन्य रकमहरू नेपाली दुतावास र परराष्ट्र मन्त्रालय हुँदै मृतकको परिवारसम्म पुग्दछन । पछिल्ला दिनमा केही नेपाली नियोगहरूले क्षतिपुर्ति रकममा पारदर्शिता ल्याउन यसको अभिलेख आफ्नो वेभ साइटमा समेत राख्न थालेका छन् तर क्षतिपुर्ति रकम मृत्युको प्रकृति, मृतकको रोजगारको स्तर, तलब, सुविधा, रोजगारदाता कम्पनी र मृतकको धर्म समेतका आधारमा फरक व्यवहारिक अनुभव रहेको छ । यसमा परराष्ट्र मन्त्रालयको भुमिका सक्रिय हुनु जरुरी छ ।

## महिला कामदारको समस्या

वैदेशिक रोजगार अन्तरगत नेपाली महिला कामदारहरूको समस्या चुनौती पूर्ण रहेको छ । नेपाल सरकारले घरेलु काम लागि निर्धारण गरिएका मापदण्डहरू पालना नभएको भन्दै घरेलु कामदार पठाउन रोक लगाएको भएपनि बिभिन्न नेपाली र भारतीय दलालहरूको सञ्जाल मिलेर नेपाली चेलीबेटीहरूलाई साउदी लगायतका खाडी मुलुकहरूमा भारतीय रूट हुँदै पठाउने क्रम रोकिएको छैन । विगतमा श्रम स्वीकृती लिएर कुवेत गएका कतिपय नेपाली महिलाहरू पछि साउदी पुगेर थप बिचल्लीमा परेका छन । कतार, युएई, ओमान, लेबनान लगिएका घरेलू महिलाको रोजगार पनि असुरक्षित र समस्याग्रस्त पाइए पछि सरकारले बिमानस्थलमा कडाईका साथ बिशेष चेक जाँच गर्ने गरेको छ । तर दलालहरूले जालझेल गरी नेपालकै एअरपोर्टबाट पनि त्यता पठाउने काम जारी रहेको समाचार पटक पटक छापामा आईरेका छन् । घरेलू महिला कामदारहरुको राहदानी: घर मालिकको कब्जामा रहने , आराम बिना लामो समय काम गराउने,घूमफिरमा रोक,तलब नदिने, शारीरिक एवं मानसिक शोषण,डर त्रास एवं धम्कीपुर्ण अवस्थामा बाध्यात्मक श्रमिकको रुपमा काम गर्नु पर्ने अत्याचार रहेका छन् । उनीहरुको उद्धारका लागि परराष्ट मन्त्रालयको भुमिका महत्वपूर्ण रहेको पाईन्छ । ●








## आशा र अवसर

# पोलिमर नोटको कथा



**पदमराज अवस्थी**

नेपालबाट पोलिमर नोट छाप्नलाई अस्ट्रेलियन सरकारका प्रतिनिधिहरूले धेरै वर्ष पहिलेदेखि नै प्रयत्न गरिरहेका थिए । सोही कामका लागि बुझ्न भनी नेपाल राष्ट्र बैंकका तत्कालीन डेपुटी गभर्नर हिरण्यलाल बज्राचार्य रिजर्भ बैंक अफ अस्ट्रेलिया र नोट प्रिन्टिङ अस्ट्रेलियाको निमन्त्रणमा सिड्नी गएका थिए, तर मेलबर्नबाट बैंकक हुँदै नेपाल फर्कने क्रममा भक्तपुरस्थित भट्टेडाँडामा भएको थाई एयरवेजको जहाज दुर्घटनामा परी उनी दिवंगत हुन पुगे । सोही समयतिर नेपाल राष्ट्र बैंकले पनि सानो दरका नोटहरू पोलिमरमा निकाल्ने चाहना राखेको भए पनि विविध प्राविधिक जटिलताले कागजी नोटबाट पोलिमर नोटमा जान सकेको थिएन । त्यसको केही समयपश्चात् नेपालका लागि तत्कालीन अस्ट्रेलियन राजदूत क्रिसपिन कनरोयले एउटा मात्रै दरको पोलिमर नोट भए पनि छापिदिन सचिव, मन्त्री, नेपाल राष्ट्र बैंक र दरबारका प्रतिनिधिहरूसँग लबिङ गर्न थाले र गरिरहे ।

कागजी नोटभन्दा पोलिमर नोटको लागत दुई गुना महँगो पर्ने तर नोटको आयु चार गुना बढी हुने तर्कसहित राजदूत कनरोयले नेपाली प्रतिनिधिहरूलाई पोलिमर नोटमा जान तयार बनाए । छिमेकतिरका देशहरू थाइल्यान्ड, मलेसिया, सिंगापुरमा नोट प्रिन्टिङ अस्ट्रेलियाले छापेको नोटहरू प्रचलनमा आइसकेका थिए । एक र दुई रुपैयाँको नोटलाई सिक्काबाट प्रतिस्थापन गर्ने र नोट छपाइमा गरिने खर्च दीर्घकालमा कम गर्दै जाने हेतुका साथ वि.सं. २०५७ मा नेपाल राष्ट्र बैंक पोलिमर नोटमा जाने मनसायमा पुगेर २०५८ सालमा नोट प्रिन्टिङ अस्ट्रेलियालाई १० रुपैयाँको नोट छाप्ने जिम्मा दिइयो । यद्यपि यो सम्पूर्ण कार्य सार्वजनिक खरिद ऐनलगायत कानुनी प्रक्रियाअनुसार नै गरिएको राष्ट्र बैंकका तत्कालीन अधिकारीहरू बताउँछन् । यसरी छापिएको ५ करोड थान पोलिमर नोटमध्ये १ करोड थान नोट २०५९ सालको दसैंमा बजारमा पठाइएको थियो ।

१० रुपैयाँको नोट वि.सं. २०५९ पछि एकैचोटि २०६६ सालमा मात्रै छापिएको थियो । योबीचको सात वर्षको अवधिमा सोही पोलिमर नोट बजारमा चल्तीमा रह्यो । डा. तिलक रावलपछि गभर्नर बनेका विजयनाथ भट्टराईले पोलिमर नोटसम्बन्धी सर्वेक्षण गराउँदा पोलिमर नोट कागजी नोटभन्दा २ दशमलव २५ प्रतिशतले मात्र बलियो भएको तर लागत चार गुना बढी भएको निष्कर्ष २०६४ साल जेठ महिनामा निकालेपछि भने नेपालले कहिल्यै पोलिमर नोट छाप्न सकेन र दक्षिण एसियामा श्रीलंकापछि पोलिमर नोट छाप्ने देशका रूपमा भने नेपालले कीर्तिमान कायम गरेकै छ ।

पोलिमर नोट प्रकरण सतहमा आउनुको प्रमुख कारण नोट प्रिन्टिङ अस्ट्रेलियाका नेपालस्थित प्रतिनिधि थिए । सो कम्पनीका नेपालस्थित स्थायी प्रतिनिधि स्टेफन वार्न थिए । अनुसन्धानअनुसार उनले नेपालमा आफ्नो सबैसँग पहुँच रहेको भन्दै पोलिमर नोटका लागि कहिले राजासँग, कहिले अर्थमन्त्री र गभर्नरसँग त कहिले प्रधानमन्त्रीसँग आफ्नो कुराकानी भइरहेको भनी अनावश्यक इमेलहरू अस्ट्रेलिया पठाइरहन्थे । उनले आफ्ना एक जना साथी ब्यारी ब्राडीलाई प्रतिहजार ६८ डलरमा छापिने नोट नेपालले भाउ बढाएर ७२ डलरमा छापेको र ४ डलर तलमाथि भएको इमेल समेत लेखेका थिए । सो कम्पनीलाई प्रभावमा राखिरहन अन्य नेपाली प्रतिनिधिहरूले पनि हचुवा सूचना सम्प्रेषण गरेको अनुसन्धानबाट खुल्न आएको थियो । सोही आधारमा अस्ट्रेलियन सरकारले नेपालमा केही न केही गोलमाल भएको हुन सक्ने शंका गरी पोलिमर नोट प्रकरण सिर्जना भएको थियो ।

पोलिमर नोट प्रकरण सिर्जना हुनुको अर्को कारण नोट प्रिन्टिङ अस्ट्रेलियाले भियतनाम र मलेसियाका लागि छापेको पोलिमर नोटमा भएको भद्रगोल थियो । सो अनियमितता नेपालको पोलिमर नोट छाप्दासमेत भएको हुन सक्ने आशंकाले अस्ट्रेलियन सरकारले अनुसन्धानमा सघाउन नेपाल सरकारलाई ताकेता गरेको थियो । सामान्यतया नोट प्रिन्टिङ कम्पनीका तर्फबाट एजेन्टले २ देखि ३ प्रतिशतसम्म कमिसन लिने गरेको हुन्छ, तर अनुसन्धानबाट नेपाली एजेन्टले १२ देखि १४ प्रतिशत रकम कमिसनबाट प्राप्त गरेको खुलेको थियो । तर, जानकारहरूका अनुसार हिमालय पाण्डेले नेपालको नोट अस्ट्रेलियामा छाप्न सन् १९९२ देखि नै प्रयास गरेको तर सन् २००२ मा मात्र सफल भएकाले सुरुको प्रयासदेखिको पारिश्रमिक एकैचोटि लिएकाले सो रकम अस्वाभाविकजस्तो देखिएको थियो । सो रकम हिमालयबहादुर पाण्डेको खातामा गएको देखाए पनि राष्ट्र बैंकका अन्य अधिकारीहरूको खातामा गएको अनुसन्धानबाट देखिएन ।




**१० रूपैयाँको एउटा कागजी नोट छाप्दा १ रूपैयाँ ५४ पैसा पर्ने गर्थ्यो भने पोलिमर नोट छाप्दा २ रूपैयाँ २५ पैसा प्रतिनोट लागत पर्न गएको थियो ।**

अस्ट्रेलियाको उजुरीश्चात् नेपालमा अख्तियारले छानबिन गर्दा कागजी नोटभन्दा पोलिमर नोटको लागत दोब्बर भनिए पनि पहिलो पटक छाप्दा दोब्बरभन्दा कम नै थियो । १० रुपैयाँको एउटा कागजी नोट छाप्दा १ रुपैयाँ ५४ पैसा पर्ने गर्थ्यो भने पोलिमर नोट छाप्दा २ रुपैयाँ २५ पैसा प्रतिनोट लागत पर्न गएको थियो । तर, दोस्रो चोटि छाप्दा विनिमयदरमा आएको परिवर्तनले सो रकम दोब्बरभन्दा केही बढी हुन आएको थियो । अख्तियारले लगाएको आरोपमध्येको एउटा प्रमुख आरोप नोटको गुणस्तर जाँच नगरेको भन्ने थियो । तर, २०१३ सालदेखि अहिलेसम्म नेपालमा नोटको गुणस्तर जाँच्ने चलन र सो नाप्ने संयन्त्र छैन । अख्तियारले लगाएको अर्को आरोप जोसँग टेन्डर पऱ्यो सोहीसँग मिलेर नोटको डिजाइन गरेको भन्ने थियो । जबकि नोटको डिजाइन गर्न गभर्नरको अध्यक्षतामा डिजाइन कमिटी गठन गरी सो कमिटीबाट पारित गरेको डिजाइन अर्थ मन्त्रालय हुँदै मन्त्रिपरिषद्ले पारित गरेपछि मात्रै नोटको डिजाइन अन्तिम मानिन्छ । यदि नोटको डिजाइनमा गोलमाल भएको थियो भने राष्ट्र बैंकका अधिकारिहरू मात्र हैन, तत्कालीन अर्थ मन्त्रालयका अधिकारिसहित मन्त्रीहरू पनि दोषी ठहरिनुपर्थ्यो र त्यो पनि भएन । अख्तियारले लगाएको अर्को आरोप नोटको छपाइमा मूल्य वृद्धि गऱ्यो भन्ने थियो, तर हवाईजहाजबाट सीधै काठमाडौं ल्याइएको नोट कलकत्ताको बन्दरगाहबाट आउने नोटभन्दा स्वभावैले बढी महँगो हुने पुष्टिपश्चात् अख्तियारले सो मुद्दा २०६७ साल साउनमा तामेलीमा पठाएको थियो ।

तर, फेरि उक्त प्रकरण २०७५ मा ब्युँताउनुको प्रमुख कारण डा. तिलक रावलसँगको अर्थमन्त्री डा. युवराज खतिवडाको व्यक्तिगत द्वेष रहेको राष्ट्र बैंक स्रोत बताउँछ । अन्य कारणहरूमा नोट प्रिन्टिङ अस्ट्रेलियालाई टेन्डर सुम्पिदा अन्य स्थापित विदेशी नोट कम्पनीहरूले गुमाउनुपरेको व्यापार पनि थियो । उसो त सत्येन्द्र प्यारा श्रेष्ठ गभर्नर रहेका बेला बंगलादेशले आफूलाई नोट छाप्न दिन प्रस्ताव राखेकोमा श्रेष्ठले सो प्रस्ताव अस्वीकार गरेका थिए । त्यो प्रस्ताव अस्वीकृत हुनुको पछाडि छिमेकी देशहरूलाई नोट छाप्न दिनु हुँदैन भन्ने थियो । किनभने राजनीतिक चलखेलले अनावश्यक संख्यामा नोटहरू गैरकानुनी रूपले छिमेकी देशहरूबाट बजारमा आउने सम्भावना प्रबल रहन्छ ।

पछिल्लो समय भारत, चीन र इन्डोनेसियालगायतका देशहरूले नेपालको नोट छाप्न अत्यन्तै कसरत गर्ने गरेका छन् । सर्वोच्च अदालतमा विचाराधीन अवस्थामा रहेको पोलिमर नोट प्रकरणको फैसलाले नोट माफियाहरूको सिन्डिकेट भंग गर्न सके मात्र हामी हाम्रो कल्पनाको पारदर्शी अर्थतन्त्रको बाटोतिर लम्किन सक्छौं । ●

# आवश्यकता कर्पोरेट कल्चरको



**नीरज पिठाकोटे**

**सिद्धान्त र व्यवहारमा फरक हुने बताउँदै कहिलेकाही सानो–सानो काममा पनि कर्मचारीहरू रिसाउने र कहिलेकाहीं खुशी पार्न रमाइलो वातावरण पनि बनाइदिनुपर्ने बताउँछन् । कर्मचारीहरूलाई दशैं पेस्की, बिदा, प्रत्येक बर्ष तलबमा वृद्धि, अतिरिक्त समयको छुट्टै तलबलगायत पाउने गरको पटेल बताउँछन् ।**

नेपालको सार्वजनिक प्रशासन जुनसुकै शासन प्रणालीमा पनि दोषमुक्त छैन । सरकारी क्षेत्रमा प्रशासनिक सेवा चुस्तदुरुस्त नहुँदा आलोचना हुने गरेको छ । जनताको करबाट तलब खाने राष्ट्रसेवक कर्मचारीहरूलाई जनताको सेवकका रूपमा काम गर्नुपर्छ भन्ने पाठ पढाइए पनि सरकारी कार्यालयहरूको प्रशासनिक कामप्रति भने जनता सन्तुष्ट देखिँदैनन् । सार्वजनिक प्रशासनजस्तै निजी (कर्पोरेट) क्षेत्रको मियो पनि प्रशासन नै हो । यसैले कारोबारले कर्पोरेट क्षेत्रको कर्मचारी प्रशासनको विषयलाई उठान गरेको छ ।

निजी क्षेत्रका औद्योगिक प्रतिष्ठानहरूमा तीन जना व्यक्ति काम गरिरहेका भेटिन्छन् । अधिकांशमा गद्दी प्रणाली (मालिकको निर्णय जे हुन्छ, त्यही गनुपर्ने) हावी रहेको पाइन्छ । निजी क्षेत्रको छाता संगठनले नै प्रशासनिक संयन्त्रलाई नियम अनुसार चलाउन नसकेको निजी क्षेत्रमा कार्यरत एक प्रशासन अधिकृतले नाम नछाप्ने सर्तमा बताए । 'अहिले अधिकांश उद्योग प्रतिष्ठानहरू गद्दी सिस्टमा नै चलिरहेको छ,' ती अधिकृत भन्छन्, 'प्रशासनिक ढाँचामा चलेको छैन । सरकारले श्रमिकको पारिश्रमिक निर्धारण गरिदिएको हुन्छ तर प्रशासनिक कर्मचारीहरूको तलब तोकिएको छैन ।'

श्रम ऐनमा कामदार र कर्मचारी भनेर उल्लेख गरिएको छ । कामको प्रकृति र दक्षताको आधारमा वर्गीकरण गर्नुपर्ने हो त्यो पनि नभएको उनको भनाइ छ । एउटा प्रशासनिक कर्मचारीले जागिर सुरु गरेको अवस्थाको तलब र मजदुरको तलब उस्तै छ । श्रम ऐनमा तलब बराबर तोकिएको भन्दै प्रशासनिक क्षेत्रमा काम गर्ने कर्मचारीहरूको पनि स्पष्ट परिभाषा दिएर तलब तोकिनुपर्ने प्रशासनिक क्षेत्रमा कार्यरत निजीक्षेत्रका कर्मचारीहरूको भनाई छ ।

नेपाल चेम्बर अफ कमर्समा बाहेक अन्य कुनै पनि संगठनमा निजी क्षेत्रको प्रशासन कानुनी हिसाबले नचलेको उनीहरू बताउँछन् । प्रशासनिक काम प्रणालीगत हिसाबले चल्यो भने संस्था पनि बलियो हुने र कर्मचारीहरूमा पनि दायित्वबोध हुने बताउँछन् । विधिसम्मत् प्रशासन सञ्चालन गर्न सके सबै कुरा स्पष्ट रुपमा किटान गरिएको हुन्छ । कुनै झन्झट आई नपर्ने तथा आईपरे पनि कानुनी विधिबाट समाधान गर्न सकिने बाटो रहन्छ । कहिलेकाहीं कानुनी जटिलता आइपर्दा समेत रोजगारदाताको स्वार्थ अनुकूल कानुन प्रतिकूलका कामहरू गर्नुपर्ने अवस्था आउने गरेको अनुभव निजी क्षेत्रका प्रशासनिक कर्मचारीहरूको छ ।

रोजगारदाताहरूलाई पूँजी मात्रै सबैथोक हो भन्ने मानसिकतालाई परिवर्तन गर्नुपर्ने उनीहरूको सुझाव छ । कर्मचारीहरूको मनोबल बढाउनुपर्छ भन्ने चेतनाको अभाव रहेको र कर्मचारी र कामदार पनि उद्योग प्रतिष्ठानको एउटा हिस्सा नै हो भन्ने भावनाको विकास हुन आवश्यक रहेको बताउँछन् ।




भारतमा हीरा व्यापारीहरूले कामदारहरूलाई सवारी साधन र फ्ल्याटको नै व्यवस्था गरिदिएको उदाहरण दर्शाउँदै नेपालमा भने जतिसुकै नाफा भएपनि घाटा देखाएर पन्छिने गरेका छन् । नियमावली, विनियमावली बनाउने तथा लागू गर्ने व्यवस्था भएपनि त्यसको कार्यान्वयन पक्ष अत्यन्त कमजोर रहेको छ । पहिलेको श्रम ऐनले श्रमको वर्गीकरण गरेको भएपनि अहिलेको श्रम ऐनले त्यो वर्गीकरणलाई पनि हटाएको छ । प्रशासनिक कर्मचारीको हकमा महाप्रवन्धक, प्रवन्धक, प्रमुख प्रशासकीय अधिकृत, सुपरभाइजरलगायतको पद सृजना गरिएको भए पनि नियमावली बनाएर लागू गरेको भने पाइँदैन । एउटा पद्धतिमा लान खोजे घाटा हुने भन्दै यस्तो प्रणालीलाई कार्यान्वयनमा नल्याइएको उनीहरूको बुझाइ छ । कर्मचारीहरूको वृत्ति विकासको लागि अवसर दिनुपर्ने, क्षमता अभिवृद्धि हुने शिक्षाहरू दिने तथा काम अनुसारको उचित प्रतिफल र सम्मानजनक वातावरण हुनुपर्ने प्रशासनीक कर्मचारीहरूको चाहाना छ । पदीय जिम्मावारीको हैसियतमा काम गर्ने वातावरण पनि हुनुपर्नेमा उनीहरूको जोड छ ।

निजी क्षेत्रको प्रशासनमा प्रतिस्पर्धा काममा भन्दा पनि अवाञ्छित रूपमा मालिकलाई कसरी खुसी पारेर हातमा लिन सकिन्छ भन्ने बढी प्रतिस्पर्धा हुने गरेको छ । कामदार र कर्मचारीहरूको हित जोडिएको विषय भएकोले उद्योग प्रतिष्ठानहरूले कर्मचारी सन्तति वृत्ति विकासको पनि कहि कतै नगरिएको पाइएको छ ।

निजी क्षेत्रका धेरै प्रतिष्ठान राजनीति दलहरूलाई चन्दा र सहयोग गर्छन् तर आफ्नै कम्पनीमा काम गर्ने कर्मचारीहरूलाई तलब सुविधा बाहेक अन्य बोनस सुविधाहरू दिन हिचकिचाउँछन् । हुन त यो समस्या श्रम ऐन तथा समाजिक सुरक्षा ऐन लागू भएकाले अब समाप्त हुने अपेक्षा गरिएको छ, तैपनि प्रशासनिक काममा आदेश दिएर काम गराउनु निकै चुनौती भएको भिस्वा होटलका प्रबन्धक प्रशान्त पटेल बताउँछन् । सिद्धान्त र व्यवहारमा फरक हुने बताउँदै कहिलेकाही सानो-सानो काममा पनि कर्मचारीहरू रिसाउने र कहिलेकाहीं खुसी पार्न रमाइलो वातावरण पनि बनाइदिनुपर्ने बताउँछन् । कर्मचारीहरूलाई दसैं पेस्की, बिदा, प्रत्येक बर्ष तलबमा वृद्धि, अतिरिक्त समयको छुट्टै तलबलगायत पाउने गरको पटेल बताउँछन् ।

सरकारी बैंकको जागिरबाट सेवानिवृत्त भएर निजी क्षेत्रमा काम गरेको अनुभव रहेको पतञ्जली आयुर्वेद प्रालिका प्रशासन प्रमुख रामअधिन यादवले आफ्नो निजी धारणा व्यक्त गर्दै सरकारी क्षेत्रमा संरचनागत हिसाबले प्रशासन समृद्ध भए पनि निजीक्षेत्रमा त्यो अनुसार भने नभएको बताए । सीमित व्यक्तिहरूको हातमा निर्णय गर्ने अधिकार हुने हुँदा सोही अनुसार उनीहरू चल्ने गरेको यादवको भनाइ छ । कुनै उद्योग प्रतिष्ठानहरूले आफ्नो भौतिक संरचनाको अभाव र दक्ष कर्मचारीको अभाव भए पनि भाडामा भए पनि ल्याएर कर्मचारीहरूलाई वृत्तिविकास तथा अत्य प्रशिक्षणहरू दिने गरेका छन् ।

तर, त्यस्ता प्रतिष्ठानहरू भने कमै रहेको उनले बताए । निजी क्षेत्रको प्रशासन सबल हुनुमा त्यसको नेतृत्व गर्ने व्यक्तिमा निर्भर हुने यादवको तर्क छ । उनी भन्छन्, 'निजी क्षेत्रमा संस्थाको जसले नेतृत्व गरिरहेको छ त्यो व्यक्तिको विचारमा निर्भर हुन्छ । उसले चाहेमा जुनसुकै काम पनि बन्न सक्छ । त्यसले संस्थागत विकास पनि हुन्छ ।'

उनको बुझाइमा नेपालका केही उद्योग प्रतिष्ठानका प्रशासन सरकारीको भन्दा कम छैन । नेपालका प्रतिष्ठित ज्योति समूह, चौधरी ग्रुप, खेतान समूहलगायतका अन्य प्रतिष्ठानहरू सरकारी स्तरकै प्रशासनिक संयन्त्र भएका प्रतिष्ठानहरू हुन् । ●











आशा र अवसर

# काठमाडौंको फोहोर व्यवस्थापन



मनिषा अवस्थी

यहाँका जनताका लागि हामी अब अनसन बसेर त्यहीँ मर्न तयार छौं । नेपालमा संघीयता स्थापना भएपछि सबैभन्दा बलियो भनिएका जनता नजिकैको सरकार वडाका अध्यक्षहरुको आक्रोशपूर्ण आवाज हो यो ।

राजधानी काठमाडौंसँगै जोडिएको पर्यटकीय दृष्टिकोणले पनि प्रख्यात जिल्ला नुवाकोटको ककनी गाउँपालिकाका विभिन्न क्षेत्रहरु दुर्गन्धित छन् । हो, यो आवाज त्यही क्षेत्रका स्थानीय सरकारका प्रमुखहरुको हो । '१४ वर्षदेखि निरन्तर फोहोरमाथि बस्न बाध्य पार्ने सरकारसँग यो क्षेत्रका जनता अहिले थाकेका छौं ।' ककनी गाउँपालिका वडा नम्बर २ का अध्यक्ष केशव पौडेल, वडा नम्बर ३ का अध्यक्ष घननाथ बज्गाईं र वडा नम्बर १ का अध्यक्ष चन्द्रबहादुर श्रेष्ठ बलामीको एकै आवाज छ । भन्छन्, 'जनताका लागि मर्न पनि तयार छौं अब हामी अनसन बस्छौं ।' उनीहरु भन्छन्, 'राज्यले हाम्रो बाँच्न पाउने अधिकार खोस्यो । हामीले धेरै आवाज उठायौं तर, काठमाडौंका नजरमा हामी मानिस नै होइनौं ।'

स्थानीय जनप्रतिनिधिको मात्रै होइन शक्तिशाली मानिएको प्रतिनिधिसभाका सोही क्षेत्रका सदस्य माननीय हितबहादुर तामाङको जवाफ पनि उस्तै छ । भन्छन्, 'हामीले लामो समयदेखि यहाँको फोहार मैला व्यवस्थापन गर्नका लागि विभिन्न ठाउँमा गएर काम गरिरहेका छौं । तर यसको एकीकृत समाधानका लागि के गर्ने भन्नेबारे अन्योल छ ।' त्यहाँका जनताहरुले हिउँदको कठ्यांग्रिदो चीसोमा पनि भिंगा धपाउँदै आफ्नो भात भान्सा गर्नुपर्ने बाध्यता छ । फोहोरको पहाड छेउमै घर भएका सन्तराम श्रेष्ठ खुइया सुस्केरा हाल्दै भन्छन्, 'अब सरकार र मिडिया दुबैसँगको विश्वास मर्‍यो ।'

फोहोर फालिएको ठाउँ नजिकैको अर्को गाउँ धादिङको धुनिबेंशी नगरपालिका वडा १ का स्थानीयहरुको गुनासो पनि उस्तै छ । 'फोहोरको दुर्गन्धले आक्रान्त छ छदैछौं योसँगै फोहोरको राजनीतिले झन दुखाएको छ ।' स्थानीय दिपक कार्की भन्छन्, 'यहाँ फोहोरको नाममा ठूलो राजनीति भइरहेको छ । यही फोहोरको नाम भजाएर चुनाव जित्ने, आफ्नाहरुलाई जागिर दिने मानिसहरु सल्बलाएका छन् तर दुखी जनताको समस्या ज्यूँका त्यूँ छ ।' प्रभावित क्षेत्रकासबै मानिसहरुको सरकार र मिडियासँग भने विश्वास नै छैन ।उनीहरु भन्छन्, 'मिडिया आएर फोटो भिडियो लान्छन्, सरकारले चिल्ला गाडी लिएर अनुगमन गर्छ । हाम्रो समस्या उस्तै ।'

**फोहोरको इतिहास**

सिसडोलबासीको समस्याको इतिहास लामो छ । फाहोरमै ठूलो सपना डुलाउँलै नुवाकोट प्रवेश गर्ने फोहोरको गाडीलाई तत्कालीन समयमा माला लगाएर स्वागत गरिएको थियो ।

तत्कालीन फोहोर मैला व्यवस्थापन समितिका अध्यक्ष राममणि घिमिरे भन्छन्, 'फोहोरको गाडीलाई माला लगाउने मै हो । त्यतिबेला यहाँका ३ वटा स्थानीय निकाय ६ वडा वडाहरुलाई एउटा उपत्यका रुपमा विकास गर्ने र फोहोरलाई मोहोरमा परिणत गर्ने सपना देखेका थियौं । अहिले यो क्षेत्रको नाममा आफू माथि उठ्ने बाहेक केही भएको छैन ।'

शुरुमा काठमाडौं महानगरपालिका, ललितपुर महानगरपालिका र किर्तिपुर नगरपालिकाको मात्रै फोहोरव्यवस्थापन हुँदै आएको सिसडोलमा हाल काठमाडौं, ललितपुर र भक्तपुरका १७ वटा नगरपालिकाबाट करिब ११ सय मेट्रिक टन फोहोर सिसडोलमा विसर्जन गरिदै आएकोछ ।

सरकारले २०६२ सालमा सिसडोल ल्याण्डफिल साइट २ वर्षको क्षमता रहने गरि अस्थायी स्यानीटरी ल्याण्डफिल मार्फत सञ्चालनमा ल्याएको थियो । उक्त ल्याण्डफिल्डको क्षमता ६ दशमलव ५ लाख मेट्रिक टन मात्र थियो । २ वर्षका लागि निर्माण गरिएको अस्थायी ल्याण्डफिल्डमा काठमाण्डौ उपत्यकाबाट अहिलेसम्म निरन्तर फोहोर फालिँदै आएपछि फोहोरको पहाड नै बनेको छ ।

विभिन्न तथ्यांकका अनुसार काठमाडौं र ललितपूरबाट मात्रै दैनिक करिब १हजार देखि ११ सयटन फोहोर उत्पादन हूने गरेको छ । जसमध्ये ७० देखि ७५ प्रतिशत फोहर सिसडोलमै व्यवस्थापन हूदैं आएको छ ।

**बञ्चरे डाँडाँको निर्माण**

सरकारले काठमाडौंको फोहोर बढ्न थालेपछि व्यवस्थापनका लागि भन्दै करिब २५ वर्ष पहिले नै बन्चरे डाँडामा स्यानिटरी ल्याण्डफिल्ड साइट निर्माणका लागि निर्णय गरेको थियो । यति लामो समयसम्म पनि सो विकल्पलाई कार्यान्वयनमा ल्याउन सकिएको छैन । हाल मन्द गतिमा भइरहेको निर्माण कार्यमा पनि विभिन्न बाहनामा अवरोध सृजना भइरहेको छ ।

२०७५ मंसिर १७ गतेको मन्त्रिपरिषद् बैठकले सहरी विकास मन्त्रालयलाई पूर्वाधार निर्माणको जिम्मेवारी दिने निर्णय गरेको थियो । सरकारले दीर्घकालीन ल्यान्डफिल साइट बनाउनकै निम्ति आवश्यक पूर्वाधार निर्माण गर्न चैत्रमा मात्रै पोनै दुई अर्ब रुपैयाँ निकासा गरेको थियो । शहरी विकास मन्त्रालयले भने जम्मा एक अर्ब ६५ करोडमै यसको पूर्वाधार बनाउन सकिने अनुमान गरेको छ । सोहीअनुसार पूर्वाधार निर्माणका लागि पहिलो चरणको काम सुरु भएको हो। शहरी विकास तथा भवन निर्माण विभागले २०७६ बैशाख २२ मा लुम्बिनी-कोशी एण्ड न्यौपाने जेभीलाई एक वर्षमा काम सम्पन्न गर्ने गरी ठेक्का दिएको थियो । ठेक्का सम्झौता सकिन अझै केही महिनाको समय बाँकी छ ।

हाल फोहोर व्यवस्थापन गरिँदै आएको सिसडोलभन्दा करिब दुई किलोमिटर टाढारहेको निर्माणधनि बन्चरेडाँडा ल्याण्डफिल साइटमा धादिङ जिल्लाको धुनीबेंसी-१ का केही भूभाग र नुवाकोट ककनी गाउँपालिका २ र ३ का केही भूभाग पर्छन् ।

उक्तल्याण्डफिल साइट निर्माण क्षेत्रको क्षेत्रफल एक हजार ७ सय १९ रोपनी छ । धादिङ र नुवाकोटका स्थानीयले थप पाँच हजार रोपनी जग्गा अधि ग्रहण गर्नुपर्ने माग गर्दै आएका छन् । हाल अधिग्रहण भएको क्षेत्रभन्दा तीन किलोमिटर वरपर अधिग्रहण गर्नुपर्ने स्थानीयको माग छ ।यो ल्याण्डफिल साइटले उपत्यकाको फोहोर ५० वर्षसम्म धान्न सक्ने बताइएको छ ।

स्थानीयहरुले भने अहिलेकै अवस्थामा बञ्चरेमा कुनै पनि हालतमा फोहोर फाल्न नदिने भनिरहेका छन् ।

'किन विवाद भइरहेको हो त त?' ककनी वडा नम्बर १ का वडा अध्यक्ष घननाथ बज्गाईं भन्छन्, 'फागुन २ गतेबाट फोहोर बञ्चरे फाल्छौं भनेको छ ।तर सिसडोलको फोहोर व्यवस्थापन कसले गर्छ?यस्तै अवस्थामा फाहोर फालेर के हामी क्यान्सर भएर मर्नु?हाम्रो यो प्रश्नमा मन्त्रीले म गर्छु एकचोटी मौका दिनुहोस् भनेको छ हेरौं ।'

सिसडोल बञ्चरे डाँडासरोकार समितिका संयोजक विश्वास डिसीले भने वर्षौंदेखि समस्या जस्ताको त्यस्तै भएकाले समाधान गर्छन् भन्ने विश्वास नभएको बताए । उनले भने, 'सिसडोलको फहोरलाई कसरी व्यवस्थापन गर्ने स्पष्ट विकल्प नदिँदा सम्महामीलाईं विश्वास छैन । जति सुकै आए पनि यही अवस्थामा हामी फोहोर फाल्न दिँदैनौं ।'

आयोजना निर्माणको पहिलो चरणको लागत ३४ करोड ६८ लाख रुपैयाँ रहेको छ । आयोजना सम्पन्न गर्न सरकारले १ अर्ब ५६ करोड रुपैयाँ बजेट विनियोजन गरेको छ । बन्चरेडाँडा स्यानेटरी ल्याण्डफिल्ड साइट निर्माणको लागि सरकारले स्थानीयको १७ सय रोपनी जग्गा अधिग्रहण गरिसकेको छ ।

**यस्तो छ नास्टको प्रतिवेदन**

ल्याण्डफिल्ड साइटको वातारणीय प्रभाव मुल्याङ्कनका बारेमा नेपाल बिज्ञान तथा प्रबिधि प्रज्ञा प्रतिष्ठान गरेको अध्ययन प्रतिवेदनका सार्वजनिक गरेको छ । गत महिनामात्रै सार्वजनिक भएको प्रतिवेदनले ल्याण्डफिल्ड साइट आसपासका १० ठाउँलाई अति प्रभावित, १० ठाउँलाई प्रभावित र ४ वटा स्थान कम प्रभावित भएको देखाएको छ । पहिले फोहोर व्यवस्थापनमा निजी क्षेत्रलाई सहभागी गराउन लगानी बोर्डमार्फत काम भइरहेको थियो । अहिले त्यो प्रक्रियाको फाइल बोर्डले फिर्ता पठाउँदै, फोहोर व्यवस्थापनको जिम्मा लिन भनेको छ ।

स्थलगत रुपमा गरिएको नमूना संकलनलाई प्रयोगशालामा गरिएको परीक्षण तथा स्थानीय अवस्था र स्थानीयबासीको धारणाका आधारमा अति प्रभावित, प्रभावित र कम प्रभावित गरी क्षेत्र निर्धारण गरिएको हो ।

यस अघिका कागजपत्र तथा फोहोर व्यवस्थापन अभ्यास हेरेर तथा स्थानीयसँग छलफल र परामर्श गरेर बैज्ञानिक तथ्य बिश्लेषण गर्नुपर्ने महानगरसँगको शर्तका आधारमा प्रतिष्ठानले अध्ययन गरेको थियो । अध्ययनमा सतह र भूमिगत पानीको अवस्था, लिचेड र यसले पानी तथा जमिनमा पुर्‍याएको असर, ल्याण्डफिल्ड साइट आसपास क्षेत्रमा गन्धको प्रभाव, ल्याण्डफिल्ड साइटबाट निष्कासन भएको ग्याँसको अवस्था, साइटबाट उत्पन्न हुने धुलनशील धुलोको कणको अवस्था र यिनीहरुले वातावरण तथा स्थानीय जनजीवनमा पारेको असर जस्ता बिषय समेटिएका थिए । यसका लागि लिचेड निष्कासन हुने १ ठाउँबाट लिचेडको, कोल्पु खोला १ ठाउँबाट भूमिगत र ४ ठाउँबाट सतही पानीको नमूना संकलन गरिएको थियो । त्यस्तै ल्याण्डफिल्ड साइटको ३ ठाउँबाट माटो, सिसडोलको २ वटा ठाउँबाट ग्याँस, ककनी गाउँपालिका वडा १ र २ का एक–एक वटा ठाउँबाट घुलनशील धुलोका कणका नमूना संकलन गरिएको थियो । त्यस्तै २४ ठाउँबाट गन्ध मापन गरिएको थियो ।

मापनका आधारमा नुवाकोट जिल्लाको ककनी गाउँपालिकास्थित तल्लो सिउँडिनी (तलेटार, ल्याण्डफिल्ड साइटको माथिल्लो भाग), सोतिबालुवा, मंगटा टोल १ र २, पाँचमुरी टोल गरी पाँचवटा स्थान अति प्रभावित क्षेत्रमा परेका छन् । त्यस्तै धादिङ् जिल्लाको धुनिबेँसी नगरपालिकाअन्तर्गत सिंम्खडा गाउँ, तिलखोरिया, कोल्पु खोला १ र २ गरी ४ वटा ठाउँ र काठमाडौंको तारकेश्वर नगरपालिकाअन्तर्गत खिलबुटा एक गरी जम्मा १० स्थानलाई अतिप्रभावित क्षेत्रमा राखिएको छ ।

यसै गरी ककनीका ८ वटा र धुनिबेँसीका २ ठाउँ गरी १० ठाउँ प्रभावित क्षेत्र परेका छन् । जसमा ककनी गाउँपालिकाअन्तर्गतका भण्डारथुम्का, ढोका भञ्ज्याङ्, चाउथी ए र बि, कागती गाउँ, शिवालय माध्यमिक बिद्यालय, तल्लो सिउँडिनी १ र २ तथा धुनिबेँसी नगरपालिका अन्तर्गत पाठक गाउँ, डिगाउँ गरी २ वटा ठाउँ छन् । ककनी गाउँपालिकाकाको कागती गाउँ हेल्थ पोष्ट र सिउँडिनी ट्याङ्की डाँडा गरी २ ठाउँ र धुनिबेँसीको स्वना गाउँ र कटुञ्जे गाउँ गरी २ वटा ठाउँ गरी ४ ठाउँ कम प्रभावित ठाउँमा परेका छन् ।

अध्ययनका लागि नास्टका सचिव डा. महेशकुमार अधिकारीको संयोजकत्वमा ६ सदस्यीय समिति गठन गरिएको थियो । नास्टकै बरिष्ट बैज्ञानिक अधिकृत डा. भोजराज पन्त सदस्य सचिव रहनुभएको समितिको सदस्यमा नाष्टका बैज्ञानिक डा. दीपाश्री रावल र जयश्री सिजापति हुनुहुन्थ्यो भने वातावरणबिज्ञ ईञ्जिनियर सूर्यमान शाक्य र महानगरका इञ्जिनियर सरकारदीप श्रेष्ठ सदस्य हुनुहुन्थ्यो । ●



# नेपालमा अटिजमको अवस्था र पहिचान



योगेन्द्र प्रताप शाही



अटिजम एक प्रकारको मस्तिष्कको अवस्था हो जसले एक व्यक्तिलाई मानसिक रुपमा अशक्त बनाउँछ । स्वतन्त्रताका साथ व्यक्तिहरूसँग कुराकानी गर्न, मिसिन र सोच्ने विषयमा समस्याहरू हुन्छन् । उनीहरूको प्रकृति, स्थिरता र काममा पनि एक असामान्य परिवर्तन भएको हुन्छ । अटिजम भएको व्यक्तिको शारीरिक विकास त हुन्छ तर अटिजमले मानसिको केही पक्षको विकासलाई ढिलो बनाउँदछ । अटिजम भएका व्यक्ति आफ्नै संसारमा हराएको हुन्छ । अटिजम भएकाहरुमा धेरै समस्याहरू हुन्छन् जस्तै बोल्नमा कठिनाइ महसुस, चिढचिढोपन र चीजहरूलाई बुझ्न नसक्ने जस्ता समस्याहरु हुन्छन् । अटिजम बच्चाले जन्मजात लिएर आउने एक प्रकारको अपाङ्गता हो । यसलाई मस्तिष्क विकासको विकार Neuro development disorder भनिन्छ । यसले मस्तिष्कको सामान्य कार्यहरुलाई प्रभावित पार्दछ । अटिजम प्राय जसो जन्मेको ३ वर्ष भित्र प्रष्ट रुपमा देखिन्छ र यो जीवनभर रहीरहन्छ । अटिजमका लक्षणहरु व्यापकरुपमा फरक फरक किसिका हुन्छन् । तर मुल समस्याको रुपमा ३ वटा पक्षमा जटिल सम्स्याहरु देखिन्छन् । सञ्चारलाई बुझ्न र प्रयोग गर्न कठिनाई, सामाजिक सिप बुझ्न र प्रयोग गर्न कठिनाई र दोहोऱ्याएर गर्ने व्यवहारीक समस्या तथा सोच्न सक्ने क्षमतामा एकरुपता नहुनु ।

यी समस्याहरु अपाङ्गतामा भने नपाईने हुन्छ र यो अटिजमको विशेष प्रकार हो । अटिजमका लक्षणहरु व्याक्ति व्याक्तिमा व्यापक रुपमा विभिन्न भएको कारणले यसलाई स्पेक्ट्रम विकार (Spectrum Disorder) को रुपमा पनि लिईन्छ । अटिजम भएका व्यक्तिहरुलाई साधारण सञ्चार र सामाजिक कठिनाई देखि लिएर जीवन यापन सदा अरुको सहायतामा जीउनु पर्ने अवस्था हुन्छ । यो लेखमा अटिजम सम्बन्धी संक्षिप्तमा जानकारी दिने प्रयास गरिएको छ ।

**अटिजम के हो ?**

अटिजम एक प्रकारको मस्तिष्कको अवस्था हो जसका लक्षणहरू जन्मदेखि वा बाल्यावस्था देखि नै देखिन्छन् । अटिजम भएका बालबालिकाहरूको अन्य बालबालिकाहरूहरू भन्दा असामान्य विकास हुन्छ । उनीहरूको व्यवहार पनि अन्य बालबालिकाहरूहरू भन्दा एकदम फरक हुन्छ । कम उमेर भएका बालबालिकाहरूहरूमा अटिजमका लक्षणहरू चिन्न आमाबुबालाई गाह्रो हुन्छ । बालबालिकाहरू ठूलो हुँदै जाँदा र व्यवहारमा केही असमानताहरू देख्दा मात्र आमाबाबुले यसलाई याद गर्दछन् ।

नेपालको परिवेशमा अटिजम धेरै नै नौलो विषय वस्तु हो । अटिजमको बाहिरी अदृश्यपननै यसको सबैभन्दा ठूलो चुनौती रहेको छ र बालबालिकाको शिघ्र निधानमा ठूलो बाधाको रुपमा देखा परेको छ । अभिभावक, शिक्षक र स्वास्थ्यकर्मीहरुले यस अवस्थालाई पहिचान गर्ने सक्ष्यमताको कमीका कारणले गर्दा धेरै बालबालिकाहरुको निदान भएको अवस्था छ भने कतिलाई गलत पहिचान, अर्थात बौद्धिक अपाङ्गताको संज्ञा पनि दिएको प्रशस्त पाईन्छ । तर, वास्तवमा अटिज्म भएका व्यक्तिहरुको बौद्धिक अवस्था धेरै प्रतिशतले सबलहुने गरेको विश्वमा धेरै उदाहरणहरु पनि पाईएका छन् । उनीहरुको सञ्चार र समाजिक व्यवहारीक ज्ञानको असमनताले गर्दा उनीहरुको बौद्धिक अवस्था ठीक तरिकाले प्रस्फुटन गर्न उनीहरु असक्षम रहेको कुरालाई विज्ञानले पनि पुष्टि गरीसकेको छ । हामी हाम्रो देशमा अटिज्मलाई सहि पहिचान दिनमा अझै पिछिडिएको नै आभास झल्किन्छ ।

**साधारण लक्षणहरू**

आँखामा आँखा नजुदाउने, एक्लै बस्न रुचाउने, बोलेर आफुलाई चाहिने कुराहरु व्यक्त गर्न नसक्ने, शब्द वा वाक्य दोहोऱ्याउने । फरक ढङ्गबाट स्नायुजन्य प्रतिक्रिया देखाउने । हामीले ध्यानमा राख्नु पर्ने सबै भन्दा महत्वपूर्ण कुरा जति बालबालिकाहरु बढ्दै र सिक्दै जान्छन् त्यतिनै उनिहरुको व्यवहारमा सुधार (Improvement) आईरहन्छ ।

अटिज्मका लक्षणहरूको पहिचान

१. अटिजमका लक्षणहरू भएका बच्चाहरु (व्यक्तिहरू) आसपासका मानिसहरू र वातावरणप्रति उदासीन हुन्छन् ।

२. प्रायः आफूलाई चोट पुऱ्याउँछन् वा कुनै तरिकाले आफैलाई हानी पुऱ्याउछन् ।

३. बारम्बार टाउको हल्लाउने गर्छन् ।

४. एउटै व्यवहारलाई दोहोऱ्याउदै गर्ने गर्छन् ।

५. आँखामा आँखा नजुधाउने ।

६. निरन्तर वा एउटै दिशातिर (एकतरफी) हेरी रहने गर्छन् ।

७. बारम्बार हल्लीने र शरीर एउटै पोजमा ( पास्चर) राख्ने गर्छन् ।

८. कहिले काही अरुले छोएको वा अंगालो हालेको मन नपराउने ।

९. बोलाउदा न बोल्ने साथै कहिले काही नसुने जस्तो गरिदिने ।

१०. आफूलाई चाहिएको वा मनपरेको चिज औंलाले न देखाउने ।

११. कल्पना गरेर खेल खेल्न नसक्ने वा असमान्य तथा दोहोऱ्याई तेहेऱ्याई एउटै खेल खेलिरहने ।

१२. बिना कारण रुने, कराउने तथा चिन्तित हुने ।

१३. साधारण (सामान्य) शिक्षण विधीबाट नसिक्ने

१४. निरन्तर वा एउटै दिशातिर (एकतरफी) हेरी रहने गर्छन् ।

१५. असान्दर्भिक (नमिल्दो) तरिकाले हाँस्ने ।

१६. कुनै काम एकदम राम्रोसंग गर्न सक्ने तर सामाजिक कार्य गर्न नसक्ने ।

१७. कुनै पनि चिज वस्तु घुमाई रहने ।

१८. घाउ, चोट तथा दुःखाई प्रति वास्ता नगर्ने ।

**अटिजमको कारण**

धेरै जसोले अटिजमम हुनुको कारण वंशाणुगतलाई नै आधार माने पनि अझसम्म अटिजमम हुनुको मुख्य कारण अर्थात के कुराले अटिजमम हुन्द्ध भन्ने बारे हालसम्म पनि पत्ता लागाउन सकिएको छैन ।

**नेपालमा अटिजमको अनुमानित तथ्याङ्क**

विश्वको पछिल्लो तथ्याङ्क अनुसार हरेक ६८ जना जन्मेको बालबालिकाहरु मध्ये १ जनालाई अटिजमको अवस्थाले ग्रसित भएको पुष्टि भएको पाईन्छ र विश्वभरको दर एकै नासको हुनसक्ने अनुमान पनि गरिएको छ । नेपालमा लगभग ३ लाख अटिजमम भएका व्यक्तिहरु भएको अनुमान गरिएको छ । तीव्र गतिमा बढ्दै गएको अटिज्मको अवस्थाको दरलाई संयुक्त राष्ट्रसंघले निकै चाँसो देखाउदै २००८ साल अप्रिल २ लाई विश्व अटिजमम जनचेतना दिवसका रुपमा घोषणा गरिएको छ । त्यस्तै विश्व स्वास्थ्य संगठा (WHO) ले पनि यो अवस्थालाई जन स्वास्थ्यको संकटकाल (Public Health Crisis) हो भन्दै हरेक राष्ट्र जन स्वास्थ्यको अवधारणा (Public Health Approach) द्वारा अटिजमलाई हेरिनु पर्ने आग्रह पनि गरिएको छ ।

**अटिजमका लागि उपचारका पद्धतिहरू**

अटिजमम भएको व्यक्तिको लागि सबभन्दा प्रभावकारी उपचार भनेको उनीहरुमा रहेको कमजोरी पक्षलाई अर्थात सञ्चार र सामाजिक बुझाईलाई ध्यानमा राखि व्यावहारीक सिद्धान्तको आधारमा शिक्षा प्रदान गर्नु हो । अटिजमम भएको व्यक्तिलाई यदि हामीले विशेष सहयोग, परिक्षण र विशेष रुपमा उपचार शिघ्र गर्न सकेमा उनीहरुको अर्थपूर्ण र उपायोगी जीवन जीउन सक्छन् । अटिजमको लागि औषधी उपचार नभएता पनि उनीहरुमा हुने विशेष लक्षणहरुलाई (जस्तै : अत्यधिक चंचलपना) उपचार गर्न औषधोपचारहरु प्रयोग गर्न सकिन्छ । यसका लागि विभिन्न महत्वपूर्ण थेरापीहरु त्था शिक्षाको आवश्यकता हुने गर्दछ ।

**जस्तै**

१. अकुपेशनल थेरापी (Occupational Therapy) तथा संवेदनी थेरापी (Sensory Integration Therapy)

२. सञ्चारको थेरापी (Communication Therapy/Verbal Behaviour Analysis)

३. व्यावहारिक शिप थेरापी (Behaviour Skill Therapy/Applied BehaviourAnalysis)

४. सामाजिक शिप थेरापी (Social Skill Therapy)

५. विशेष शिक्षा (Special Education)

६. समाहित शिक्षा (Inclusive Education)

७. वैयत्तिक शैक्षिक योजना (Individual Education Plan)

८. Art Therapy

९. Music Therapy

१०. TEACCH (Teaching Education and Communication for Handicapped children)

११. Picture Exchange Communication System (PECS)

यी विभिन्न थेरापीहरु साथै उनीहरुको आस लाग्दो सुधारको लागि विभिन्न तालिमहरुको साथसाथै परामर्शको पनि ठूलो आवश्यकता पर्ने हुन्छ । जस्तै :

१. अभिभावक तथा बालबालिका तालिम (Parent and Child Training)

२. शिक्षकशिक्षिका तालिम (Teacher Training)

३. सामाजिक शिप तालिम (Social Skill Training)

४.दैनिक क्रियाकलाप तालिम (Activities of Daily Living Training)

५. व्यावसायिक शिप तालिम (Vocational Skills Training)

६. परामर्श (Counseling)

क. विशेषज्ञद्वारा अभिभावक परामर्श (Parents Counseling)

ख. सहकर्मी परामर्श (Peer Counseling)

ग. परिवारीक परामर्श (Family Counseling)

घ. सहोदर परामर्श (Sibling Counseling)

अटिज्मम कुनै रोग पनि होईन त्यसैले निको पार्न पनि सकिदैन । निको पार्न नसकिने हुनाले विद्यमान उपचार अवस्थासंग गाँसिएका धेरै जस्ता चुनौतिहरुलाई कम गरी व्यक्तिको संभावित उच्चतम संभावनाहरुलाई प्रगति गर्न सहयोग गर्न सकिन्छ । अटिज्मम भएका मानिसहरुमा प्रयास गरिएका उपचारका विभिन्न विकल्पहरु जस्तै : मनोसामाजिक व्यवहार पद्धति, स्वर थेरापी (Speech Therapy) अकुपेसन थेरापी (Occupational Therapy) र औषधि उपचार पद्धतिहरु रहेका छन् तर कुनै पनि उपचार पद्धतिहरु सबै भन्दा उत्तम वा प्रभावकारी छन् भनेर समेत सिद्ध भएको अवस्था पनि छैन । अटिज्मम भएका व्यक्तिलाई सुधार गर्न एउटा मात्र विधि प्रभावकारी हुदैन त्यसैले व्यक्तिपच्छिे विभिन्न पद्धतिहरुको संयुक्त पहल भएमा केही हदसम्म प्रभावकारी हुनसक्छ ।

एकजना अटिज्म भएका व्यक्तिका अभीभावक नीलम गौतमका अनुसार उहाको छोरालाई पनि अटिज्म छ । उहालाई पनि छोरा सानो छदा छोरालाई के भएको हो भन्न थाहा हुन सकेको थिएन । उहाले छोरालाई विभिन्न स्वास्थ्य सेवा उपलब्ध गराए पनि छोरामा समस्या के भएको हो भन्ने बुझ्न नसकिएकोबताउनु हुन्छ । लगभग ६ वर्षपछि मात्र छोरालाई अटिज्म भएको थाहा पाउनु भएको रहेछ ।

कसरी अटिज्म भएकालाई ह्यान्डलगर्ने भन्ने विषयमा उहाको अनुभव अनुसार भन्नुहुन्छ आमाबाबुहरूको लागि प्रायः सबै भन्दा ठूलो समस्या हुन्छ अटिज्म भएका बच्चालाई कसरी स्याहरसुसार गर्ने वा उनीहरुसँग कस्तो व्यवहार गर्ने भन्ने विषय हो । यस्तो अवस्थामा, सर्वप्रथम, बच्चालाई आमा बुबाहरुले उनको साथ छोड्नुको सट्टा, उनीहरूलाई माया र स्नेहको साथ व्यवहार गर्नुपर्छ र बच्चालाई ह्यान्डल गर्न, उनिहरुको व्यवहारको जाँच गर्नुहोस् र बुझ्नुहोस् ऊ के भन्न चाहन्छ भनि राम्रोसंग बुझ्नु आवश्यक रहेको बताउनु हुन्छ ।

पछिल्ला दिनहरुमा समाज सेवा क्षेत्रमा मानव समाजका लागि सेवा दिने कार्य गर्दै आईरहेको विश्वको सबैभन्दा ठूला संस्था लायन्स क्लबले समेत अटिजमको विषयलाई जनमानसमा जनचेतना जागृत गर्ने कार्यको थालनी गरेको छ । लायन शोभा जोशी लायन्स क्लब अन्तर ाष्ट्रिय ३२५ ए २ को २०१९/२० का लागि डिस्ट्रिक्ट गर्भनर चयन हुने क्रममा ट्रेनिङ्गको शिलशिलामा युएस भ्रमणको समयमा युएसमा एक एनआरएनको बैठकमा उहालाई आमन्त्रित गरेका थिए । उक्त बैठकमा नेपालमा चाडै ठम्याउन नसकिने र निको पनि नहुन सक्ने संभावना रहेको अटिजमको अवस्थाबारे चर्चा भएको थियो । त्यसै बैठकमा छलफल भए अनुसार २०७२ सालमा नेपालमा आएको दैविए प्रकोप (भूकम्प) पछिका दिनहरुमा जन्मीएका अधिकतर बालबालिकाहरुमा अटिजमको अवस्था देखा परको बारे चर्चा भएको उहा बताउनु हुन्छ । नेपालमा अटिजमको विषयमा सरकारी पक्षबाट पनि कुनै आवश्यक व्यवस्था नभएको अवस्थामा अटिजमका लागि डिस्ट्रिक्ट ३२५ ए २ ले अटिजमलाइ प्राथमिकतामा राखेर डिस्ट्रिक्ट अर्न्तगत क्लबहरु मार्फत अटिजम जागरूकता अभियान कार्यक्रमलाई सघाउने हिसाबले सहकार्य गर्दै जाने विषयमा डिस्ट्रिक्ट गर्भनर लायन शोभा जोशीको पहल र अगुवाईमा लायन्स क्लब अन्तर्राष्ट्रिय ३२५ ए २ र अटिजम केयर सेन्टर नेपल समाज बीच जुलाई २०१९ मा अटिजम केअर सेन्टर नेपालको कार्यालय हरि सिद्धि ललितपुरमा लायन शम्भु घिमिरे, रवीन्द्र प्रधान, सुनिल श्रेष्ठ र नाथूराम श्रेष्ठको समउपस्थितिमा सहकार्यका लागि सहमति भएको छ । लायन्स क्लब अन्तर्राष्ट्रिय ३२५ ए २ अर्न्तगतका केही लायन्सहरुले दशहजार प्रतिव्यक्ति सहयोग गरेर अटिजम केअर सेन्टरको आजीवन सदस्य समेत बनिसकेका छन् । त्यस्तै अटिजम केअर सेन्टरको भक्तपुरमा निर्माणधिन भवनका लागि लायन्स डिस्ट्रिक्टले आर्थिक सयोग संगसंगै एक ईटा एकसय एपया सहयोग स्वरुप दान गर्ने योजना रहेको छ भने सहकार्य सहमति भएपश्चात लायन्स क्लबहरुद्वारा अटिजम केअर सेन्टको सहकार्यमा विभिन्न कार्यक्रमको आयोजना गरी अटिजम जागरुकता अभियान सञ्चालन समेत गरेको छ । -डिस्ट्रिक्ट ३२५ ए २ र अटिजम केअर सेन्टर नेपालको सहयोगमा तयार पारिएको ●

हार्दिक बधाई
विगत १७ वर्षदेखि राजधानीबाट प्रकाशित हुँदै आएको मध्यान्ह राष्ट्रिय दैनिक १८औं वर्षमा प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना ज्ञापन गर्दछौं ।
गोर्खाज एशोशिएट प्रा. लि.
परिवार
महाराजगञ्ज, काठमाडौं, नेपाल
फोन: ४४३२१११

हार्दिक बधाई
नेपाली राजनीति, अर्थ, खेलकुद, मनोरञ्जन र विशेष गरी वैदेशिक रोजगार र यस सँग सरोकार राख्ने विषयमा प्राथमिकताका साथ समाचार सम्प्रेषण गर्दै आइरहेको मध्यान्ह राष्ट्रिय दैनिक १७ वर्ष पुरा गरी १८औं वर्षमा प्रवेश गरेको अवसरमा यस राष्ट्रिय दैनिकलाई हार्दिक बधाई तथा उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौं।
रत्न खड्का
प्रोपाइटर
तथा
खड्का कृष्ण कन्स्ट्रक्सन प्रा.लि.
परिवार
धापासी, काठमाडौं

हार्दिक बधाई
विगत १७ वर्षदेखि राजधानीबाट प्रकाशित हुँदै आएको मध्यान्ह राष्ट्रिय दैनिक १८औं वर्षमा प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना ज्ञापन गर्दछौं ।
नन्द बहादुर क्षेत्री
अध्यक्ष
सुरेन्द्र अर्याल
कार्यसमिति सदस्य
नेपाल वैदेशिक रोजगार व्यवसायी संघ
एवं
डस लिंक प्रा. लि.
परिवार
सामाखुसी-२९, काठमाडौं, नेपाल, फोन : ४३६०९२९

बधाई तथा शुभकामना
नेपाली राजनीति, अर्थ, खेलकुद, मनोरञ्जन र विशेष गरी वैदेशिक रोजगार र यस सँग सरोकार राख्ने विषयमा प्राथमिकताका साथ समाचार सम्प्रेषण गर्दै आइरहेको मध्यान्ह राष्ट्रिय दैनिक १७ वर्ष पुरा गरी १८औं वर्षमा प्रवेश गरेको अवसरमा यस राष्ट्रिय दैनिकलाई हार्दिक बधाई तथा उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौं।
एम एस कार्की
प्रबन्ध निर्देशक
तथा
लक्की एच. आर. शोलुशन प्रा. लि.
परिवार
जावलाखेल, ललितपुर, फोन: ५५२०५६२, ५५५०६३४

# युरोपेली पर्यटक आकर्षणका मुख्य आधार

**युरोपबाट नेपाल जान हवाई भाडा महङ्गो पर्ने, सिधा हवाई उडान नभएको, नेपाल गोर्खा भूकम्पले ध्वस्त भई पुनःनिर्माणमा जुटेको छ भन्ने जस्ता तर्क उपयुक्त छैन ।**



**कृष्ण अधिकारी**

> नेपाल भ्रमण गरी फर्केका वा नेपाली खानाको स्वाद लिइसकेका युरोपेली नागरिकहरु नेपाली रेस्टुराँमा खान जाने वा नेपाली उत्पादनहरु खरिद गर्न रुचाउने हुँदा उनीहरुको आवश्यकता अनुसार युरोपभरि नै नेपाली उत्पादनहरुको प्रवर्द्धनलाई जोड दिनु पर्दछ ।

सरकारले यस वर्ष २० लाख पर्यटक भित्र्याउने महत्वाकाङ्क्षी लक्ष्यसहित नेपाल भ्रमण वर्षको घोषणा गरेको छ । सन् २०१९ मा अघिल्लो वर्षको तुलनामा पर्यटक आगमनमा कमी कमी आएको सन्दर्भमा यस वर्ष त्यति धेरै पर्यटक आउनसक्ने कुनै ठोस आधार तयार हुन सकेको छैन । यद्यपि यसले आगामी वर्षहरुमा केही हजारको सङ्ख्यामा आगमनलाई बढाउन केही मद्दत भने पुग्ने आशा गर्न सकिन्छ । भ्रमण बर्ष सन् १९९८ र सन् २०११ को तत्थ्याङ्क हेर्दा सरकारको लक्ष्य भन्दा धेरै पछिमात्र पुरा भएको देखिन्छ । भ्रमण वर्षको घोषणा गर्दैमा पर्यटक आउने होइनन्, सरकारले विदेशी पर्यटक आउने वातावरण बनाउनु पर्छ । नेपाल भ्रमणमा आउने पर्यटकमा ठूलो हिस्सा ओगट्ने युरोपेली मुलुकका पर्यटकलाई लक्षित गरी कार्यक्रमहरु सञ्चालन हुन सकेमा केही सङ्ख्यामा पर्यटकलाई बढाउन सकिने सम्भावना रहेको छ ।

युरोयिन युनियनले अझैपनि नेपाली एयरलाइन्सलाई कालो सूचीबाट हटाएको छैन । कालो सूचीबाट हटाएको भएदेखि नेपाल एयलाइन्स सिधै युरोपका विभिन्न देशमा जान सक्थो, जसको कारण पर्यटकमा अझै बृद्धि हुन्थ्यो । युरोपबाट सिधै मानिसहरु यहाँ आउन सक्थे । तर, त्यसो हुन सकेको छैन । युरोपेली मुलुकसँग द्विपक्षीय हवाई सञ्जाल विस्तार गर्न नेपालले युरोपका विभिन्न गन्तव्यमा सिधा उडान भर्नु आवश्यक हुन्छ । अहिले नेपाल र युरोपलाई जोड्ने एक मात्र टर्किस एयरलाइन्स रहेको छ । टर्की युरोप र एशियाको सिमानामा पर्ने भएकाले युरोपका धेरै पर्यटकलाई आकर्षण गर्न सकेको छैन । युरोपबाट नेपाल आउने पर्यटक तथा नेपालीले टर्की या खाडी मुलुकका विमानस्थलसम्म 'ट्राञ्जिट फ्लाइट' गरेर मात्र नेपाल आउनुपर्ने बाध्यता छ ।

सरकारले तीन दर्जनभन्दा बढी मुलुकसँग हवाई सम्झौता गरेको भए पनि नेपाली हवाई सेवा प्रदायकले अन्तर्राष्ट्रिय गन्तव्यमा उडानका लागि स्वीकृति पाउन सकेको छैन । नेपालले ३९ वटा मुलुकसँग हवाई सम्झौता गरेको भए पनि सबै मुलुकले उडान भर्दैनन् । अहिले २६ वटा वायु सेवा प्रदायक कम्पनीले नेपालमा उडान भर्दै आएका छन् । नेपालबाट अन्तर्राष्ट्रिय गन्तव्यमा उडान भर्ने नेपाल एयरलाइन्सले भारतका नयाँदिल्ली, मुम्बई र बैंगलोर तथा हङकङ, बैंकक, दोहा, दुबई र क्वालालम्पुरसहित आठ गन्तव्यमा उडान गर्दै आएको छ भने हिमालय एयरलाइन्सले अबुधावी, दमाम, क्वालालम्पुर र दुबईभन्दा अन्य गन्तव्यमा उडान विस्तार गर्न सकेको छैन । बुद्ध एयरले भारतका केही गन्तव्यमा एटिआर जहाजमार्फत उडान गरिरहेको छ ।

नेपाल एक आकर्षक, सुरक्षित र मनोरम पर्यटकीय गन्तव्य स्थलको रुपमा विकास गरी विश्व पर्यटन बजारमा नेपाललाई स्थापित गराउन हवाई सेवाको सुरक्षा, विश्वसनीयता र पर्यटकीय सेवा सुविधाको गणुस्तर वृद्धि, नयाँ गन्तव्य स्थलहरूको पहिचान र विविधीकरण तथा पूर्वाधार विकासमा जोड दिन सकिएमा भ्रमण वर्ष सफल हुनुको साथै त्यसपछि पनि क्रमशः पर्यटक आगमनमा वृद्धि ल्याउन सकिन्छ । नेपाल भ्रमण गरी फर्किएका पर्यटकले नेपालको बारेमा दिने सन्देश तथा विदेशस्थित नेपाली दूतावास र गैर आवासीय नेपाली९एनआरएन०को भूमिकाले बढीभन्दा बढी पर्यटक भित्र्याउने बलियो आधार बन्न सक्ने भएकाले भ्रमण वर्ष मनाइरहँदा यस पक्षलाई महत्व दिनुपर्ने हुन्छ । युरोपका प्रायः सबैजसो मुलुकमा नेपाली दूतावासको संयन्त्र रहेको र गैरआवासीय नेपाली सङ्घको पनि गठन भइसकेको सन्दर्भमा उनीहरुमार्फत नेपालमा बढीभन्दा बढी पर्यटक पठाउन सकिने राजदूत तथा एनआरएनका प्रतिनिधिहरुको भनाइ छ । भ्रमण वर्षलाई सफल तुल्याउन युरोपेली पर्यटक मुख्य आधार हुनसक्ने देखिन्छ ।

युरोपस्थित नेपाली कुटनीतिक नियोगका प्रतिनिधिहरुले पनि भ्रमण वर्षलाई सफल तुल्याउन आ-आफ्नो देशमा प्रवर्द्धनात्मक क्रियाकलापहरु सञ्चालन गरिएको र वर्षभरि नै विभिन्न कार्यक्रमहरु राखिएको बताएका छन् । वर्षौंदेखि साहसिक पर्यटकलाई मात्र महत्व दिने गरिँदा नेपालमा गुणस्तरीय र खर्चालु पर्यटक भित्र्याउन नसकिएकाले आगामी दिनामा बढी पैसा खर्च गर्नसक्ने, लामो अवधि बस्न रुचाउने र फुर्सदिला खासगरी जेष्ठ उमेरका पर्यटकलाई लक्षित गरी भ्रमण 'प्याकेज'हरु तयार गर्नुपर्नेमा फ्रान्सका लागि नेपाली राजदूत दिपक अधिकारी जोड दिनुहुन्छ ।

नेपालको 'हिन्दू किङ्डम' बारेमा पुस्तक लेख्ने सिल्भा लेभी, हनी हन्टर फिल्म बनाउने यरिक भेली, अन्नपूर्ण हिमाल आरोहण गर्ने पहिलो युरोपेली मौरिस हर्जोग, विश्वका आठ हजारभन्दा अग्ला सबै हिमाल आरोहण गर्ने डा क्रिस्टिना जाना, नेपालको बारेमा विश्वभर प्रचार गराउने टोनी हेगनजस्ता व्यक्तित्वहरुको योगदानका बारेमा मात्रै प्रचार गराउन सकिएमा पनि ठूलो सङ्ख्यामा युरोपेली पर्यटकलाई आकर्षित गर्न सकिने आधार हुन सक्दछ ।

फ्रान्समा कूल जनसङ्ख्याको झण्डै डेढ गुणा बढी पर्यटकले भ्रमण गर्ने र विश्वका अधिकांश मुलुकका कुटनीतिक नियोगहरु राजधानी पेरिसमा रहेकाले नेपालका बारेमा गरिने प्रवर्द्धनात्मक कार्य बढी प्रभावकारी हुने देखिन्छ । फ्रान्समा ६०/७० वटा नेपाली रेस्टुराँ रहेको र तीमध्ये आधाभन्दा बढी पेरिस शहरमै रहेकाले त्यहाँ खान जाने पर्यटकलाई नेपालका बारेमा परिचय गराउन सकिने सम्भावना रहेको छ ।

नेपालले पर्यटनको कुरा गरेको धेरै वर्ष भएपनि अहिलेसम्म रणनीतिक ढङ्गबाट बजारीकरण हुन नसक्दा युरोपबाट जति सङ्ख्यामा पर्यटकले नेपाल भ्रमण गर्नुपर्ने हो त्यो हुन सकेको छैन । अहिलेसम्म पनि हामीले युरोपेली पर्यटकहरुको रुचीका बारेमा बुझ्ने कोशिस गरेका छैनौं । कुनै अध्ययन भएको छैन । एउटै देशभित्र पनि फरकफरक रुची राख्ने पर्यटक हुने हुँदा उनीहरुको चाहनाअनुसार प्रवर्द्धनात्मक रणनीति बनाउने हो भने धेरै युरोपीय नेपाल भ्रमणमा जानेछन् ।

युरोपबाट नेपाल जान हवाई भाडा महङ्गो पर्ने, सिधा हवाई उडान नभएको, नेपाल गोर्खा भूकम्पले ध्वस्त भई पुनःनिर्माणमा जुटेको छ भन्ने जस्ता तर्क उपयुक्त छैन । हवाई भाडा केही महङ्गो भएपनि यहाँ खाना र बस्न सस्तो छ, सिधा उडान नभएपनि 'कनेक्सन' उडान प्रयोग गर्न सकिन्छ र भूकम्पले पर्यटन क्षेत्रमा कुनै असर नपारेको भन्ने जस्ता सन्देश विस्तार गर्नु आवश्यक छ । युरोपेली मुलुकहरुबाट सन् २०१८ मा दुई लाख ४३ हजार २८४ पर्यटकले नेपाल भ्रमण गरेका थिए भने सन् २०१९ को छ महीनाको अवधिमा यो सङ्ख्या एक लाख चार हजार ७८३ रहेको थियो ।


जर्मनी पर्यटकका लागि नेपाल एक मुख्य गन्तव्य स्थल रहेकाले पर्यटकीय पूर्वाधार, सुरक्षा र नयाँ सम्पदाहरुको प्रवर्द्धन हुन सकेमा ठूलो सङ्ख्यामा पर्यटक जाने सम्भावना रहेको छ । नेपालको पर्यटन प्रवर्द्धनका लागि जर्मनीमा रहेका विभिन्न सङ्घसंस्थाहरु इच्छुक रहेकाले उनीहरुलाई यसबारेमा जानकारी गराउन र आगामी दिनमा सहयोग अभिवृद्धि गराउन सकिने बताउनुभयो । जर्मनीबाट मात्र हाल वर्षमा करीब १७/१८ हजार पर्यटक नेपाल जाने गरेको र यसलाई दोब्बर बनाउन सकिने सम्भावना छ ।

नेपाल भ्रमण गरी फर्केका वा नेपाली खानाको स्वाद लिइसकेका युरोपेली नागरिकहरु नेपाली रेस्टुराँमा खान जाने वा नेपाली उत्पादनहरु खरिद गर्न रुचाउने हुँदा उनीहरुको आवश्यकता अनुसार युरोपभरि नै नेपाली उत्पादनहरुको प्रवर्द्धनलाई जोड दिनु पर्दछ । नेपाली वस्तुको अलग्गै 'ब्राण्ड' बनाउन सकिएमा यसले पनि नेपालको पहिचान बढाउन सकिन्छ । नेपालका मःमः, वियर, चाउचाउ, सेलरोटीलगायतका वस्तुको 'ब्राण्डिङ' गर्न सकिने छ ।

विश्वका ८० भन्दा बढी देशमा वसोवास गर्ने गैरआवासीय नेपालीहरुलाई आफ्नो जन्मभूमिको विकासप्रति प्रोत्साहन दिन सकिएमा पनि उनीहरु रहेका देशहरुमा रहेका गैरसरकारी संस्थाहरुसँग सहकार्य गरी नेपाल भ्रमणमा जान पर्यटकलाई अभिप्रेरित गराउने क्रियाकलापहरुमा जोड दिन सक्दछन् । युरोपका प्रायः सबैजसो देशमा नेपाली पुगेका छन् र अधिकांशले रेस्टुराँ व्यवसाय सञ्चालन गरेका छन् । नेपालीले सञ्चालन गरेका रेस्टुराँमा 'मिनी नेपाल'को झल्को आउने हुँदा खानेकुरादेखि आतिथ्य सत्कारमा नेपालीपन देखाउन सकिन्छ । ती रेस्टुराँमा नेपाल झल्किने पर्चा-पम्लेट राख्ने र पर्यटकलाई नेपाली हस्तकलाका सामग्री उपहार दिने गरिएमा त्यसले सकारात्मक सन्देश जानेछ । ●














# बढ्दो जनअसन्तुष्टी र नेतृत्वको चेत



**नीलकठ तिवारी**



> निश्चित भूमिगत गिरोहबाट देश लुटाउन दिनु हुँदैन भन्दै गणतन्त्र सम्म आइपुगेका हामीबाट अब पुरानो गल्ती दोहोर्याउने छुट छैन। त्यसैले निरन्तर आन्दोलनको बैज्ञानिक सभ्यता पक्रदै अघि बढनुको विकल्प छैन।

चाबहिल चोकदेखि नजिकै गणेशस्थान छ। गणेशस्थानमा रहेको तरकारी बजारसँगै पुष्पलाल कलेजको गेट छ। गेटको नजिक एउटा चिया पसल छ। चिया पसलमा चावहिल क्षेत्रका भद्र भलाद्मी, बुद्धिजीवी, विद्यार्थी र मजदुरहरु समेत विहान साँझ झुम्मिन्छन्। त्यहाँ म कहीलेकाही ग्रेटर नेपालका अभियन्ता फणिन्द्र नेपाल लगायतका व्यक्तिहरुसँग पनि भेट्छु। एक बिहान मैले त्यहां ३ जना युवा विद्यार्थी, २ जना स्थानीय र ३ जना तरकारी बजारका पसले मित्रहरुलाई भेटे। उनीहरु एकापसमा सरकार र जनताको सम्बन्धका बारेमा पक्ष र विपक्षमा बहस गर्दै रहेको बेला म टुप्लुक्क पुगेको थिए।

सिन्धुपाल्चोक पुरानो घर भई कपनमा बाउ आमाले बनाएको घरमा बसेर कलेज पढ्ने एक विद्यार्थीले मलाई अलि कडा प्रश्न गरे- सर ! यहि पाराले देश चल्छ ?' मैले उनको नाउँ सोधिसकेको थिइँन। मेरो परिचय पाइसकेका उनले मलाई व्यक्तिगत रुपमा सरकारको निकट ठानेर प्रश्न उठाएको मैले सहज अनुभुति गरे। स्नातक पढ्ने युवाले यहि पाराले आफैंले 'बजार भाउ' को प्रसंग निकाले। रामेछापको दोरम्बा घर भै शान्ति गोरेटो बस्ने नोर्बु तामाङले पैसा धेरै भनेका कारण ओम अस्पतालबाट श्रीमती डिस्चार्ज गर्नु परेको र सरकारी अस्पतालमा लामो समय कुर्नुपर्दाको पीडा ओकले।

अर्को एउटा विद्यार्थीले एमसीसिको कुरा जोडेर मलाई असजिलो पार्न खोजे। वाइडबडी जहाज काण्ड, बालुवाटार काण्ड, नेपाल ट्रष्टको जग्गा काण्ड, यति समुहको पर्यटन साम्राज्य, ऐन कानुन संशोधन गरेर नेताहरुको इच्छापुर्ति गराउन खोजिएको अनेकौ प्रसंग जोड्दै उनले सरकारले नराम्रा काम मात्र गरेको दृष्टान्त दिन खोजे। छेवैमा बसेकी पसले महिलाले हतार-हतारमा निर्मला काण्ड जोडेर ति भाइलाई बल पुर्याइन भने स्थानीय शिवराम दाइले सीमा रक्षामा सरकार चुकेको आरोप लगाए। प्रश्नका कोण यसरी देखा परे की, मानौ अस्ति मालाको भारी बोक्ने संचारमन्त्री गोकुल बास्कोटा नै मै हुँ वा सरकारको विशेष दूत नै म हुँ। प्रश्नहरुलाई अन्यथा बुझेर प्रश्नकर्तालाई मानमर्दन गर्ने मेरो संस्कृति नभएकाले मैले शुरुमै जवाफ दिएँ। 'निश्चय पनि केही घटनाक्रम र गलत संप्रेषणका कारण सरकारका राम्रा काम छायाँमा र कमजोरी तथा गल्तीहरु अभिव्यक्ति बनेर आएका छन्।'

स्थायी समितिको हालै सम्पन्न बैठकमा कामरेड प्रचण्डले जसरी प्रतिवेदनको शुरुमै आत्मालोचनात्मक भाव सहित पेश भएर स्थायी समितिका सदस्यहरुलाई भावनात्मक पोजिशनमा राखेको कुरो सार्वजनिक भएको थियो, मैले त्यहि पाराले कमजोरी स्वीकारेर प्रतिरक्षा गर्न खोँजे। सडक, चिया पसल, सार्वजनिक स्थल वा यातायातमा यस्ता प्रश्न जनताबाट सधै आउँछन्। नकरात्मक अभिव्यक्तिलाई पुर्वाग्रह, दुश्मनी वा षडयन्त्र ठान्ने तथा ताली, थपडी र होहुइया गरि दिनेलाई आफ्नो मान्ने हाम्रो पुरानै चलन हो। राणाकालदेखि राजाकालसम्म, राजाकालदेखि कांग्रेसकालसम्म, कांग्रेसकालदेखि एमाले कालसम्म र जनयुद्धकालदेखि अहिलेको गणतन्त्रसम्म पनि उहि रोग छ। आलोचना सुन्नै तयार नहुने र आलोचना शुत्रुतामा गणना गरेर पुरै निषेध गर्ने प्रवृत्ति जटिल सामाजिक रोग बन्दै आएको छ। हाम्रो समाज मात्र होइन, समाजवाद र साम्यावादको कुरा गर्ने दलहरुमा समेत यो रोग पुरै संक्रमित भएको महसुस गर्दै मैले आफूलाई सरकारको प्रतिरक्षामा सम्हालिन पनि कौशलताको महसुस गरे।

त्यहि चियापसलमै रहेका एक अर्का सज्जनले बिआरआई र एमसीसीलाई दुश्मन बनाएको भन्दै परराष्ट्रमन्त्रीको आलोचना गरे भने अर्का एक विश्लेषकले महरा प्रकरणको समेत चर्चा गरे। जाहेरीवालाबाट किटान गरी प्रहरीले बलात्कारको मुद्दा चलाएका साधु सन्त कृष्ण बहादुर गिरीलाई धरौटीमा छोडिदिएको र पीडित भनिएकीबाटै 'होइन' भनेर दरखास्त पेश गरिएको तथा प्रहरीले आशयको मात्र मुद्दा चलाएका कृष्ण बहादुर महरालाई उच्चबाट समेत धरौटी नखोलिएको भन्दै सामाजिक न्याय र समानताको कुरो उठाएर व्यंग गरे।

यी सबै प्रश्न तथा कौतुहलताहरु राष्ट्रियता, जनतन्त्र र जनजीवीका बाहिरका थिएनन्। यीनै प्रश्न उठाउँदा र हल गर्नकै लागि विभिन्न मोर्चामा लड्दा मुलुकमा हजारौं शहिद भएको, बेपत्ता हुनु परेको, घाईते र अपाङ्गको कहर भोग्नु परेको, यातना र जेलका अनुभुति संगाल्नु परेको सस्मरणलाई अहिलेको व्यवहार र यर्थाथमा जोड्दा नारा र भाषणलाई व्यवहारमा बदल्न नसकिएको अर्थात् परिवर्तनको अनुभुति गराउने गरी आफै रुपान्तरण हुन नसकेको महसुस गराएको छ। यस्तो रुपान्तरण तलबाट संभवै हुँदैन भन्ने होइन तर, तलका पहलकर्ताहरु रुपान्तरणविरोधिको पहिरोमा पुरिने डर ज्यादा भएकाले माथिबाटै रुपान्तरण प्रभावकारी हुनेमा जोड दिइदैं आएको हो।

अहिले जे जति भएका छन्, आन्दोलनको बलबाटै भएका छन् र जे जति समस्या बनेका छन्, आन्दोलनको निरन्तरताबाटै समाधान हुनेछन् भन्ने मान्यताबाट हामी अघि बढ्न जरुरी छ। यसका लागि मुख्य नेतृत्व पंक्तिले देश र माटो प्रेम, जनवाद वा लोकतान्त्रिक निष्ठा, लोकतान्त्रिक संस्कृतिहरुको संप्रेषण, विधि, नीति र पद्दतिमा जोड, भित्रको न्याय बहालीबाट समाजमा प्रभाव पुर्याउने संचार प्रणाली, सामुहिक छलफल, बहस र क्रिया प्रतिक्रियाको सहि व्यवस्थापन मा ध्यान दिएको देखिदैन। नेतृत्वलाई व्यक्तिवादी बन्ने छुट दिइयो भने परीवार, भाइभारदारहुदै उपगुट र गुटबाट शासन चलाउने मनोवृत्ति बढ्छ भन्ने कुरो हामीले अहिलेसम्म भोगेकै छौं। नेताका पछि लागेर नीतिलाई सामान्य बुझ्दा हामीले यी सबै गोता, परेशान, हण्डर र ठक्कर खाएकै हों। क्षमताहिन टपरटुइयाहरु र भजनमण्डलीहरुबाट घेरिएर तथा सत्ता र राजकीय पहुँचमा लगातार मुठिभर खानदानीयाहरुलाई हर्सुने अवसर दिएर सत्ताको लोकप्रियता स्थिर नहुने कुरा हामीले पहिलेदेखी भोगेका छौं।

निश्चित भूमिगत गिरोहबाट देश लुटाउन दिनु हुँदैन भन्दै गणतन्त्र सम्म आइपुगेका हामीबाट अब पुरानो गल्ती दोहोर्याउने छुट छैन। त्यसैले निरन्तर आन्दोलनको बैज्ञानिक सभ्यता पक्रदै अघि बढनुको विकल्प छैन। नेता भन्दा नीति ठूलो मानेर विधि, नीति, पद्दतिमा चल्ने आँट मात्र गर्ने हो भने आन्दोलनका बाँकी कार्यभार पुरा गर्न हामीलाई गाह्रो छैन। वर्गप्रतिको इमान्दारिता र माटोप्रतिको निष्ठा लगायतका हाम्रा मुलभुत मान्यताबाट विचलन आउन नदिन सबैभन्दा ठूलो कार्यभार रुपान्तरण नै हो। रुपान्तरीत व्यक्तिले मात्र रुपान्तरणको अनुभुति गराउन सक्छ। नेतृत्व रुपान्तरण नभैकन सहि चिज बितरण गर्न नसकिने भएकोले जनअसन्तुष्टिहरु बढदै जान्छन। चावहिलको त्यो चियापसलमा झै बिरोधका स्वर देशभर थपिदै जानसक्छन। चेत्नुस नेताज्युहरु अब।

*(लामो समयदेखी बामआन्दोलनमा क्रियाशिल तिवारी, नेकपा निकट बुद्धिजीवी हुन।)* ●







